# १८औं वार्षिक प्रतिवेदन (२०६९/०७०)

# 18th ANNUAL REPORT (2012/013)

नेको इन्सुरेन्स लिमिटेड

NECO

NECOINSURANCE LIMITED

www.necoinsurance.com.np

# संचालक समिति



**ज्योतिचन्द्र ओझा**
अध्यक्ष
संस्थापक



**डा. राजन थापा**
संचालक
संस्थापक



**डा. हेमराज भण्डारी**
संचालक
सर्वसाधारणको तर्फबाट



**अमीर दास रन्जित**
संचालक
सर्वसाधारणको तर्फबाट

श्री संचालक समिति,
**नेको इन्सुरेन्स लिमिटेड**
पो.ब.नं. १२२७१, अनामनगर, काठमाडौं ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

........................ जिल्ला .................................... म.न.पा./गा.वि.स. ................................. वडा नं. ......... बस्ने म/हामी ........................................................................................................................................................ ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०७० साल माघ २१ गते मंगलवारका दिन हुने अठारौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ..................................... जिल्ला .......................... म. न.पा./गा.वि.स. ............................ वडा नं. .......... बस्ने त्यस कम्पनीका शेयरवाला श्री ........................................................................................................ शेयरधनी नं. .......................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदक,

दस्तखतः .........................................

नामः ................................................

ठेगानाः ..............................................

शेयरधनी नं.:.................................

कुल शेयर संख्याः .....................................

मितिः ..................................................

(नोटः यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।)

# प्रवेश–पत्र

शेयरधनीको नामः श्री ...........................................................................................................................

शेयरधनी नं .......................................................................... कुल शेयर संख्याः .......................................

नेको इन्सुरेन्स लिमिटेडको अठारौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

............................
शेयरधनीको सही

............................
कम्पनी सचिव

# विषय-सूची


| | पृष्ठ संख्या |
|---|---|
| साधारण सभा सम्बन्धी सामान्य जानकारी | २ |
| वार्षिक साधारण सभा सम्बन्धी सूचना | ३ |
| अध्यक्षको मन्तव्य | ४ |
| अध्यक्ष श्री ज्योतिचन्द्र ओझाद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन | ५ |
| लेखापरीक्षकको प्रतिवेदन | १० |
| वासलात | ११ |
| नाफा-नोक्सान हिसाब | १२ |
| एकिकृत आय-व्यय हिसाब | १३ |
| अग्नि बीमाको आय-व्यय विवरण | १४ |
| मोटर बीमाको आय-व्यय विवरण | १५ |
| हवाई बीमाको आय-व्यय विवरण | १६ |
| सामुद्रिक बीमाको आय-व्यय विवरण | १७ |
| इन्जिनीयरिङ्ग बीमाको आय-व्यय विवरण | १८ |
| विविध बीमाको आय-व्यय विवरण | १९ |
| इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण | २० |
| नगद प्रवाह विवरण | २१ |
| अनुसूचीहरू | २२ |
| वित्तीय विवरणसंग सम्बन्धित प्रमुख लेखा नीतिहरू | ३८ |
| वित्तीय विवरणसंग सम्बन्धित लेखा सम्बन्धी टिप्पणीहरू | ४१ |
| प्रमुख सूचकाङ्कहरू | ४४ |
| आ.व. ०६८/०६९ को वित्तीय विवरण सशर्त स्वीकृति र व्यवस्थापनको प्रतिक्रिया | ४६ |
| Comparative Chart | ४७ |
| Comparative Income Statements for 5 Years | ४८ |
| Comparative Statement of Financial Position for 5 years | ४९ |
| प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन सम्बन्धी तीन महले | ५० |
| टिपोट | ५२ |

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको बार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई हुलाक मार्फत पठाइएको छ। कारणवस कसैलाई प्राप्त नभएको भए कम्पनीको केन्द्रीय कार्यालय, नव दुर्गा भवन, अनामनगर, काठमाडौंबाट उक्त प्रतिवेदन प्राप्त गर्न सक्नु हुनेछ।

२. सभामा उपस्थिति हुने शेयरधनीहरूले सभाको सूचनाका साथमा प्रेषित प्रवेश-पत्र वा शेयरधनीको परिचय-पत्र अनिवार्य रूपमा ल्याउनु हुन अनुरोध छ।

३. सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्ति गर्न चाहने शेयरधनीहरूले २०७० साल माघ १९ गते दिनको ११ बजेभन्दा अगावै कम्पनीको केन्द्रीय कार्यालय, नवदुर्गा भवन, अनामनगर, काठमाडौंमा प्रोक्सी पत्र दर्ता गरी सक्नु पर्नेछ। एकभन्दा बढी प्रोक्सीको नाउ उल्लेख गरेको प्रोक्सी रद्द हुनेछ।

४. प्रतिनिधि नियुक्ति गर्ने व्यक्ति, कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ति पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत व्यक्तिको दस्तखत परेको हुनुपर्छ। संस्थागत शेयरधनी बाहेक अरूले यसरी प्रतिनिधि नियुक्ति दर्ता गर्दा कम्पनीको अर्को शेयरधनीलाई मात्र नियुक्ति गर्नु पर्नेछ।

५. संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउने छ।

६. शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि पत्र बदर गरी आफैं सभामा उपस्थित भै हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ।

७. कुनै एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि नियुक्ति गरी पठाएकोमा जसको नियुक्ति पछिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिन र मतदान गर्ने अधिकार हुनेछ।

८. सभामा भाग लिने र मतदान गर्ने व्यक्ति एउटै हुनु पर्नेछ।

९. प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयरको एक मतको हिसाबले मत दिन पाउने छ।

१०. यस कम्पनीको मिति २०७० साल मंसीर १६ को पत्रानुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सोही मिति देखि लागू हुने गरी यस कम्पनीको शेयर कारोबार बन्द गरिसकेकोले मिति २०७० मंसिर १५ गतेसम्म कारोबार भएको शेयर नामसारीका लागि प्राप्त भएको आधारमा यस सभामा भाग लिन सक्नु हुनेछ।

११. कम्पनी ऐन अनुसारको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, सूचना तथा सामान्य जानकारी सम्बन्धी विवरण कम्पनीको Website: www.necoinsurance.com.np मा हेर्नु हुन अनुरोध छ।

१२. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ।

# नेको इन्सुरेन्स लिमिटेड
# को
# अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

शेयरधनी महानुभावहरू,

संचालक समितिको मिति २०७०।९।२९ गते बसेको २२६ औं बैठकको निर्णय अनुसार नेको इन्सुरेन्स लिमिटेडको अठारौं वार्षिक साधारण सभा गर्नका लागि निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त मिति, स्थान र समयमा आदरणीय शेयरधनी महानुभावहरू आफू स्वयं वा रितपूर्वकको प्रतिनिधिद्वारा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

## सभा हुने मिति, स्थान र समय

मिति : २०७० साल माघ २१ गते मंगलवार (तद्नुसार ४ फेब्रुअरी २०१४) ।
स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर
समय : दिनको ११:०० बजे ।

## छलफलका बिषयहरुः

**(क) सामान्य प्रस्तावः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०६९।०७० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७० साल आषाढ मसान्तको वासलात तथा २०६९ श्रावण १ गते देखि २०७० आषाढ मसान्तसम्म (आ.व.०६९।०७०) को  नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह तथा सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०७०।०७१ का लागि लेखापरीक्षण समितिबाट सिफारिस भएबमोजिम श्री एस.आर.पाण्डे एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्टसलाई पारिश्रमिक रू. ८४,०००।- (अक्षरुपी चौरासी हजार मात्र) प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
४. नेको इन्सुरेन्स लिमिटेडमा प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि. गाभ्ने/गाभिने (मर्ज गर्ने) प्रयोजनका लागि चल अचल सम्पत्ति र दायित्व मूल्याकंन प्रतिवेदन Due Diligence Audit Report (DDA) गर्न संयुक्त मर्जर समितिबाट नियुक्त लेखापरीक्षक (DDA मूल्याकंनकर्ता) को नियुक्ति तथा पारिश्रमिकलाई अनुमोदन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावः**

१. नेको इन्सुरेन्स लिमिटेड र प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेडलाई गाभिने (मर्ज हुने) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन (Scheme of Merger) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. नेको इन्सुरेन्स लिमिटेड र प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेडलाई गाभ्ने (मर्ज गर्ने) प्रयोजनका लागि मूल्यांकनकर्ताबाट प्राप्त गाभ्ने र गाभिने संस्थाको सम्पत्ति र दायित्व मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report (DDAR) को समेत आधारमा निर्धारण गरिएको १००:१३१.५ कित्ता शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) लाई पारित गरी मर्जरको लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।
३. यस कम्पनीको नाम परिवर्तन गरी मर्जर पश्चात प्रिमियर नेको इन्स्योरेन्स लिमिटेड (Premier Neco Insurance Limited) राख्ने सम्बन्धमा ।
४. नेको इन्सुरेन्स लिमिटेड गाभ्ने र प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि. गाभिएपछि (मर्ज पछि) गठन हुने संचालक समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक चयन गर्ने संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने तथा उल्लेखित संस्थाबाट चयन भई आउनु हुने संचालकहरुलाई पदस्थापना एवं अनुमोदन गर्ने अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।
५. कम्पनीको अधिकृत पूँजी रू. ५० करोड, जारी पूँजी रू. ३० करोड तथा चुक्ता पूँजी रू. २८,९४,७१,१२५।- हुने सम्बन्धमा ।
६. नेको इन्सुरेन्स लिमिटेड गाभ्नेमा प्रिमियर इन्स्योरेन्स (नेपाल) लि., गाभिएपछि (मर्ज भएपछि) संस्थाको नाम, अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी, संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुने गरी प्रबन्ध पत्रको दफा १, २ र ५ र नियमावलीको नियम १,२,४,६,१७ र १९ लगायत सोसंग सम्बन्धित अन्य दफा, नियम, संशोधन परिमार्जन गर्ने तथा पारित प्रस्ताव बीमा समिति, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन वा परिमार्जन गर्नुपरेमा सो गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
७. कम्पनीको संचालक समितिका सदस्यहरूको कार्यकाल जतिसुकै बाँकी भए तापनि गाभ्ने गाभिने कार्य सम्पन्न भई नयाँ संचालक समितिको गठन भए पश्चात विद्यमान संचालकहरूको उक्त बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने साथै नयाँ संचालक समितिको कार्यकाल समेत शेयरधनीहरूको अर्को साधारण सभा नभएसम्म मात्र रहने सम्बन्धमा ।
८. कम्पनीको मर्जर पश्चात प्रबन्ध-पत्र तथा नियमावलीको संशोधन प्रस्ताव पारित गर्ने तथा पारित प्रस्ताव नियमनकारी निकायबाट स्वीकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नुपरेमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग) विविध ।

**द्रष्टव्य :**

शेयरधनी महानुभावहरूको सुबिधाको लागि उपस्थिति पुस्तिका सभा हुने दिन बिहान १० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

संचालक समितिको आज्ञाले,

कम्पनी सचिव

# अध्यक्षको मन्तव्य

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको अठारौं वार्षिक साधारण सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी, अतिथि तथा पर्यवेक्षक महानुभावहरूमा हार्दिक स्वागत गर्दै यस सम्मानित सभा समक्ष संचालक समितिको तर्फबाट आर्थिक वर्ष २०६९।०७० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस अवसरमा विगत वर्षहरूमा झैं यहाँहरूबाट कम्पनीको समग्र विकासका निम्ति अमूल्य राय, सुझाव तथा मार्गनिर्देशन सहित प्रस्तुत प्रतिवेदन अनुमोदन गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

यहाँहरु सबैको सहयोग एवं सद्भावले गर्दा कम्पनीले क्रमिक रूपमा सफलता हासिल गर्दै यहाँसम्म आई पुग्न सफल भएको हो । गत वर्षको तुलनामा यस वर्ष कम्पनीले १९.६४ प्रतिशतले बृद्धि गरी कुल बीमा प्रिमियम रू. ४१ करोड २४ लाख ९ हजार १९३ आर्जन गरेको छ । त्यसैगरी गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा कम्पनीले लगानी रू. ३४ करोड ९४ लाख १९ हजार ४४३ बाट वृद्धि गरी रू. ४१ करोड ४६ लाख ०१ हजार ७४५ पुऱ्याई १८.६५ प्रतिशतले बृद्धि गरेको छ । साथै उक्त लगानीबाट जम्मा रू. ३ करोड ७७ लाख ५० हजार ६२२ रूपैयाँ आम्दानी गरेको छ । समीक्षा वर्षमा कम्पनीले ३ करोड ६९ लाख ७८ हजार ८५७ रूपैयाँ मुनाफा आर्जन गरेको छ । आगामी वर्षहरूमा थप मुनाफा आर्जन गरी शेयरधनी महानुभावहरूलाई बढी प्रतिफल दिन कम्पनी प्रतिबद्ध रही प्रयासरत् रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

नियमनकारी निकायको २०७० आषाढ मसान्तमा रू. २५ करोड चुक्ता पूँजी पुऱ्याई सक्नु पर्ने निर्देशन जारी भएकोमा गहनताका साथ छलफल एवं सोचविचार गरी कम्पनीले चुक्ता पूँजी थप गरी एक्लै अगाडि बढ्नु भन्दा पनि अन्य बीमा कम्पनीसंग मर्ज भई अगाडि बढ्नु हालको परिप्रेक्ष्यमा उपयुक्त हुने ठानी नेको इन्सुरेन्स लि. र प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि. एक आपसमा गाभ्ने/गाभिने प्रक्रिया पूरा गरी पारित गर्नका लागि यस सम्मानित साधारण सभामा पेश गरेका छौं । यसबाट कम्पनीको पूँजी संरचना, व्यापार, व्यवसाय लगायत अन्य पूर्वाधारहरु समेत बलियो र फराकिलो हुन गई हाम्रो कम्पनी सक्षम र सबल तवरमा परिचालित हुने विश्वास लिएका छौं ।

अन्त्यमा, कम्पनीको स्थापनाकालदेखि हामीलाई सहयोग गर्नु हुने नेपाल सरकार, बीमा समिति, कम्पनी रजिष्ट्रारको कार्यालय, बैंक तथा वित्तीय संस्थाहरु, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सम्पूर्ण ग्राहकवर्ग तथा शेयरधनी महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै भविष्यमा पनि शेयरधनी महानुभावहरूबाट विश्वास र सहयोगाको अपेक्षा गरेको छु । यस कम्पनीको व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै यो मन्तव्य यही टुंग्याउने अनुमति चाहन्छु ।

धन्यवाद !

**ज्योतिचन्द्र ओझा**
अध्यक्ष

मिति: २०७०।१०।२१

# नेको इन्सुरेन्स लिमिटेडको
# अठारौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट
# अध्यक्ष श्री ज्योतिचन्द्र ओझाद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

नेको इन्सुरेन्स लिमिटेडको अठारौं वार्षिक साधारण सभामा पाल्नुभएका आदरणीय शेयरधनी तथा आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम तयार भएको कम्पनीको आर्थिक वर्ष २०६९।०७० को वार्षिक प्रतिवेदन तथा आर्थिक विवरणहरू यहाँहरू समक्ष प्रस्तुत गरेको छु ।

## (क) विगत वर्षको कारोवारको सिंहावलोकन:

कम्पनीले आर्थिक वर्ष २०६८।०६९ र समीक्षा वर्षमा गरेको व्यवसाय अनुसार आर्जन भएको बीमाशुल्क निम्नानुसार रहेको व्यहोरा अवगत गराउँदछौं ।

| बीमा व्यवसाय | आ.व.०६८।०६९ को बीमाशुल्क | आ.व.०६९।०७० को बीमाशुल्क | फरक (प्रतिशत) |
|---|---|---|---|
| अग्नि बीमा | १०,९१,०९,४७२ | १३,४४,५२,२३८ | २३.२३ |
| सामुद्रिक बीमा | ७३,१६,२३५ | ७७,८०,७६४ | ६.३५ |
| मोटर बीमा | १२,३२,३६,९७७ | १५,४४,४९,४०५ | २५.०० |
| इन्जिनीयरिङ्ग बीमा | ३,७१,०१,४५९ | ५,३८,६६,१९८ | ४५.१९ |
| हवाई बीमा | ५०,७५१ | - | (१००) |
| विविध | ६,७८,९४,७१७ | ६,२२,६०,५८८ | (८.३०) |
| **जम्मा** | **३४,४७,०९,६५१** | **४१,२४,०९,१९३** | **१९.६४** |

समग्रमा कम्पनीले आर्थिक वर्ष २०६८।०६९ को तुलनामा यस वर्ष रू. ६,७६,९९,५४२।- अर्थात् १९.६४ प्रतिशतले बीमाशुल्क बृद्धि गरेको छ ।

कम्पनीले समीक्षा वर्षमा जम्मा रू. ६,५१,८२,३०२।- लगानी थप गरी लगानीबाट जम्मा रू. ३,७७,५०,६२२।- आम्दानी गरेको छ जुन गत आर्थिक वर्षको तुलनामा १७.१०% ले बढेको छ । साथै कम्पनीको पुनर्बीमा कमिशन आम्दानी पनि ९.२९% ले वृद्धि भएको व्यहोरा जानकारी गराउँदछौं ।

कम्पनीको गत आर्थिक वर्षको व्यवसायबाट बचत रू. ४,०३,४०,६४९।- बाट बढेर यस आर्थिक वर्षमा रू.४,६०,५९,७४५।- भई जम्मा बृद्धि रू.५७,१९,०९६।- अर्थात् १४.१८% रहेको छ । त्यसैगरी गत आर्थिक वर्षमा कम्पनीको खुद नाफा रू. ३,०३,०४,१२१।- रहेकोमा यस आर्थिक वर्षमा खुद नाफा रू. ३,६९,७८,८५७- रहेको व्यहोरा अवगत गराउँदछौं ।

## (ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिबाट कम्पनीको कारोवारलाई परेको असर:

समीक्षा अवधिमा आर्थिक गतिविधिमा राम्रै प्रगति देखिए तापनि मुलुकको समग्र स्थिति भने अघिल्लो वर्षको भन्दा खासै फरक नदेखिएकोले विकासको गतिले तीव्रता लिन सकेन । तापनि कम्पनीले व्यवसायमा यथासंभव उच्चतम स्थान ओगट्ने रणनीति तयार गरी कार्यक्षेत्र विस्तार गर्दै लाने नीति कायमै राखेको छ । कम्पनीले आफ्नो धारण (Retention) लाई बृद्धि गर्दै लग्ने र पुनर्बीमकहरूबाट तोकिने पुनर्बीमाका शर्तहरू कम्पनीको अधिकतम हितमा हुने गरी सम्झौता उपलब्ध गर्ने तर्फ कम्पनी रणनीतिक रूपमा प्रयत्नशील रहेको छ ।

## (ग) प्रतिवेदनको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यको सम्बन्धमा संचालक समितिको धारणा:

कम्पनीले गत वर्षको मंसिर मसान्तसम्मा रू. १७ करोड ४० लाख ६३ हजार बीमाशुल्क आर्जन गरेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रू. १८ करोड ३९ लाख ५१ हजार बीमाशुल्क आर्जन गरी ५.७ प्रतिशतले वृद्धि भएको छ ।

आफ्ना ग्राहकप्रति सेवा उन्मुख भई र सम्बन्धित निकायबाट पहिचान गरिएको थप व्यावसायिक सम्भावनाका विषयहरूलाई विस्तार गर्दै व्यवसाय अभिबृद्धि गर्ने तर्फ उन्मुख भई व्यवसाय प्रवर्द्धन गर्ने नीति कायमै रहेको छ। यस बाहेक कर्मचारीको दक्षता बृद्धि गर्न तालिमको व्यवस्थालाई निरन्तरता दिदै आवश्यकता अनुसार थप कार्यक्षेत्रहरू विस्तार गर्दै लाने कम्पनीको नीति कायमै रहेकोछ।

(घ) औद्योगिक वा व्यावसायिक सम्बन्धः

कम्पनीले विभिन्न व्यवसाय, उद्योग तथा कलकारखानाहरूसंग व्यावसायिक सम्बन्ध अभिबृद्धि गर्ने नीतिलाई निरन्तरता दिएको छ। विद्यमान तथा संभाव्य ग्राहकहरूसंग घनिष्टता बढाई बीमा व्यवसाय बृद्धि गर्ने कम्पनीको लक्ष्य अनुरूप कार्यक्रम अगाडि बढाएको छ। कम्पनीको ग्राहकमुखी सेवा तथा छिटो दावी भुक्तानीको व्यवस्थाले गर्दा नै औद्योगिक तथा व्यवसायसंगको सम्बन्ध गाढा हुन पुगेको हो। बीमा क्षेत्रसंग सम्बन्धित सबै निकायहरूसंग पनि कम्पनीको सुमधुर सम्बन्ध रहेको छ।

(ङ) संचालक समितिमा भएका हेरफेर र सोको कारणः

संचालक समितिमा हाल कुनै परिवर्तन भएको छैन।

(च) कारोवारलाई असर पार्ने मुख्य कुराहरूः

देशको विद्यमान समग्र आर्थिक अवस्था र तीब्र प्रतिस्पर्धाले बीमा व्यवसायमा असर पारिरहेको छ। यस्ता विषयको सुधारले बीमा व्यवसाय अभिबृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रियाः

लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत छैन।

(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकमः

कम्पनीको आ.व.०६९।०७० मा आर्जित नाफा मध्येबाट ५० प्रतिशतले हुने रकम बीमाकोषमा छुट्याई बाँकी रहेको रकम कम्पनी मर्जर प्रक्रियामा गएकोले रू. १ करोड ८९ लाख १४ हजार ८७२ वासलातमा सारिएको छ।

(झ) शेयर जफत सम्बन्धमाः

समीक्षा वर्षमा शेयर जफत भएको छैन।

(ञ) कम्पनीको सहायक कम्पनी र कारोबारः

कम्पनीको सहायक कम्पनी छैन।

(ट) कम्पनी तथा सहायक कम्पनीको कारोवार सम्बन्धमाः

कम्पनीको कुनै सहायक कम्पनी छैन।

(ठ) आधारभूत शेयरधनीहरूले उपलब्ध गराएको जानकारीः

केही नभएको।

(ड) संचालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा संलग्नः

कम्पनीको संचालकहरू तथा पदाधिकारीहरूको शेयर स्वामित्व विवरण निम्न बमोजिम रहेको छ :

| सि.नं. | संचालकहरुको नाम | प्रतिनिधित्व गरेको संस्थाको नाम | शेयर संख्या |
|---|---|---|---|
| १ | श्री ज्योतीचन्द्र ओझा, अध्यक्ष | राष्ट्रिय वाणिज्य बैंक | २,७०,४४३ |
| २ | डा. राजन थापा, संचालक | कोष व्यवस्थापन कम्पनी लि. | ६०,८५० |
| ३ | डा. हेमराज भण्डारी, संचालक | सर्वसाधारण शेयरधनीको तर्फबाट | २९८ |
| ४ | श्री अमिर दास रन्जित, संचालक | सर्वसाधारण शेयरधनीको तर्फबाट | १३,४८३ |

| सि.नं. | पदाधिकारीहरुको नाम | पद | शेयर संख्या |
|---|---|---|---|
| १. | श्री विश्व तिमिला | नि. प्रमुख कार्यकारी अधिकृत | ६,१८८ |
| २. | श्री विनोद नेपाल | सहायक नायब महाप्रबन्धक | ६,१८८ |
| ३. | श्री मदन कृष्ण रन्जित | मुख्य प्रबन्धक | १,१६२ |
| ४. | श्री श्रवण कुमार रावल | मुख्य प्रबन्धक | ५,३९१ |
| ५. | श्री कृष्ण गोपाल थापा | वरिष्ठ प्रबन्धक | ५३१ |
| ६. | श्री सुरेन्द्र प्रसाद कुशवाहा | वरिष्ठ प्रबन्धक | १५९ |
| ७. | श्री रविन्द्र जोशी | वरिष्ठ प्रबन्धक | १३४ |
| ८. | श्री प्रकाश थापा | वरिष्ठ प्रबन्धक | २३४ |
| ९. | श्री गिरिष शर्मा | वरिष्ठ प्रबन्धक | २८० |
| १०. | श्री जगन्नाथ तौजले श्रेष्ठ | प्रबन्धक | २८१ |
| ११. | श्री विष्णु प्रसाद धिताल | प्रबन्धक | २८१ |
| १२. | श्री रमेश बहादुर थापा | प्रबन्धक | २,५१२ |

(ढ) कम्पनीसंग सम्बन्धित सम्झौताहरूमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारी:

छैन ।

(ण) आफ्नो शेयर आफै खरिद गरेको सम्बन्धमा:

छैन ।

(त) आन्तरिक नियन्त्रण प्रणाली भए नभएको विवरण:

आन्तरिक नियन्त्रण एवं अन्य कुराहरूको उच्चस्तरबाट रेखदेख, नियन्त्रण, पुनरावलोकनका साथै कम्पनीको काम कारवाहीलाई सरल, चुस्त, दुरूस्त तथा न्यून जोखिम युक्त बनाउने क्रममा लेखापरीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा शर्त समिति, दाबी व्यवस्थापन तथा सोल्भेन्सी समिति गठन गरी उक्त समितिले प्रभावकारी रूपमा आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण:

आर्थिक वर्ष २०६९।०७० को व्यवस्थापन खर्च रू. ६,३४,५९,५१४।- रहेको छ ।

(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुबिधा सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण:

लेखापरीक्षण समितिका सदस्यहरूको नामावली निम्न बमोजिम रहेको छ :

१. डा. हेमराज भण्डारी, संचालक - संयोजक
२. श्री अमिर दास रन्जित, संचालक - सदस्य
३. श्री कविराज अधिकारी, - विषय विज्ञ

लेखापरीक्षण समितिका संयोजकलाई रू. ३,०००।- र सदस्य तथा आमन्त्रितलाई रू. २,५००।- भत्ता प्रदान गरिएको छ । यसका अलावा अन्य कुनै पारिश्रमिक तथा सुविधा दिएको छैन । लेखापरीक्षण समितिले लेखा तथा वित्तीय विवरणहरू पुनरावलोकन, त्यस विषयहरूमा उल्लेखित तथ्यको सत्यता एकिन, आन्तरिक वित्तीय नियन्त्रण प्रणालीको पुनरावलोकन, आन्तरिक लेखापरीक्षण सम्बन्धी सुपरिवेक्षण तथा पुनरावलोकन एवं कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेखित अन्य कार्यहरू समेत गरी सो सम्बन्धमा संचालक समिति समक्ष सुझाव एवं सिफारिस दिने गरिएको छ ।

(ध) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई बुझाउनु पर्ने रकम:

छैन ।

(न) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुबिधाः

संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई आर्थिक बर्ष २०६९।०७० मा कम्पनीबाट भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुबिधाको विवरण निम्न बमोजिम रहेको छः

| | पारिश्रमिक | बैठक भत्ता | जम्मा |
|---|---|---|---|
| संचालकहरूलाई भएको भुक्तानी | - | ८,३९,००० | ८,३९,००० |
| प्रमुख कार्यकारी अधिकृतलाई भएको भुक्तानी | १४,५१,४४९ | १,४३,५०० | १५,९८,४२७ |
| पदाधिकारीहरूलाई भएको भुक्तानी | १,०३,६९,११९ | ६७,००० | १,०४,३६,११९ |
| आमन्त्रित भत्ता | - | १,४२,००० | १,४२,००० |

(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकमः

यस कम्पनीका शेयरधनीहरूले रू. ४,००,३०८/- लाभांश बुझिलिन बाँकी रहेको छ ।

(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्रीः

कम्पनीले आर्थिक वर्ष २०६९।०७० मा सम्पत्ति खरिद रू. १२,४९,६६२/- गरेको छ भने बिक्री (Ownership Transfer) रू. ५२,२९,९३७/- गरेको छ ।

(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोवारः

छैन ।

(भ) अन्य आवश्यक कुराहरुः

(अ) **लेखापरीक्षकको नियुक्ति सिफारिस**

कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०७०।०७१ का लागि लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम श्री एस.आर.पाण्डे एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्टस्लाई पारिश्रमिक रू. ८४,०००।- (अक्षरूपी चौरासी हजार मात्र) प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्त गर्न सिफारिस गरेको छ । सोको अनुमोदनका लागि प्रस्तुत गरिएको छ ।

(आ) **मर्जर सम्बन्धमा**

विगत वर्षहरूमा यस कम्पनीको परिस्थिति र २०७० आषाढ मसान्तसम्ममा पूँजी बृद्धि गर्नुपर्ने भएकोले ती सबैको व्यवस्था गर्न यस कम्पनीले एक्लैले पूँजी थपको व्यवस्था गर्नुपर्ने भएको या यदि त्यसो गर्न नसक्ने भए आफ्ना समकक्षी संस्थासंग मिलेर मर्ज भई दरिलो संस्था बनाउनु पर्ने आवयकता भएकोले यस तथ्यलाई मनन गरी गत वर्षको साधारण सभाले स्वदेशी र विदेशी बीमा कम्पनीहरूसंग गाभ्ने/गाभिने वा संयुक्त लगानी (Joint Venure) मा जान हामीलाई अख्तियारी दिए अनुरूप यस कम्पनीलाई सवल एवं सक्षम बनाउने क्रममा प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि. संग मर्ज गर्न Memorandum of Undestanding (MOU) गरिसकेको छ । उक्त MOU पारितका लागि यस सभा समक्ष पेश गरेका छौं । साथै Due Dilegence Audit Report (DDAR) को र आपसी छलफल समेतका आधारमा प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि. यस कम्पनीमा गाभिदा साविक प्रिमियर इन्स्योरेन्स कम्पनीको १०० कित्ता शेयर बराबर यस कम्पनीको १३१.५० कित्ता शेयर दिने गरी Swap Ratio पारितका लागि यस सभा समक्ष प्रस्तुत गरेका छौं ।

(इ) **सम्पत्ति शुद्धीकरण सम्बन्धमा**

सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐन, नियम तथा निर्देशन अनुसार कम्पनीले सम्बन्धित वित्तीय जानकारी इकाई समक्ष विवरण पेश गर्ने गरेको छ ।

(ई) **बाली तथा पशुपंक्षी बीमा गर्ने सम्बन्धमा**

बीमा समितिबाट हालै जारी भएको बाली तथा पशुपंक्षी बीमा निर्देशनलाई अंगिकार गरी त्यसबाट कम्पनीले अझ बढी व्यवसाय बृद्धि हुने अपेक्षा राखिएकोछ ।

## धन्यवाद ज्ञापन !

अन्त्यमा, कम्पनीको प्रगति तथा समृद्धिमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, बीमा समिति, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सम्बन्धित सबै बैंक तथा वित्तीय संस्थाहरू, उद्योगी, व्यवसायीहरू, कम्पनीका बीमितहरू, सम्पूर्ण शेयरधनी महानुभावहरू तथा कम्पनीका सबै कर्मचारीहरूप्रति धन्यवाद ज्ञापन गर्दै भविष्यमा पनि यहाँहरूको सहयोग तथा समर्थन प्राप्त हुनेछ भन्ने विश्वास लिएका छौं ।

| द. | द. | द. | द. |
|---|---|---|---|
| **अमिर दास रन्जित** | **डा. हेमराज भण्डारी** | **डा. राजन थापा** | **ज्योतिचन्द्र ओझा** |
| संचालक | संचालक | संचालक | अध्यक्ष<br>संचालक समिति |

मिति : २०७०।१०।२१

**S. R. PANDEY & Co.**
Chartered Accountants

Radha Krishna Marg, New Baneshwor
P.O.Box No. 2343
Kathmandu, Nepal

Tel. : 2104600, 2104700
Fax : 977-1-4491187
e-mail : srpandey@wlink.com.np

# नेको इन्सुरेन्स लिमिटेडको
# शेयरधनी महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले **नेको इन्स्योरेन्स कम्पनी लिमिटेड**को यसै साथ संलग्न वित्तीय विवरणहरूको लेखापरीक्षण गरेका छौं, जसमा २०७० आषाढ ३१ (१५ जुलाई २०१३) गतेको वासलात र सोही मितिमा समाप्त वर्षको आय विवरण, स्वामित्व अंशमा भएको परिवर्तन विवरण र नगद प्रवाह विवरण तथा महत्त्वपूर्ण लेखाङ्कन नीतिहरू र अन्य व्याख्यात्मक टिप्पणीहरू समावेश रहेका छन् ।

**वित्तीय विवरणहरूका लागि व्यवस्थापनको उत्तरदायित्व**

२. नेपाल लेखामान अनुसार यथार्थ र उचित चित्रण गर्ने उल्लेखित वित्तीय विवरणहरू तयार गर्ने तथा तिनको सही प्रस्तुतिकरण गर्ने उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । यी दायित्व अन्तर्गत: जालसाजी वा त्रुटीबाट हुनसक्ने सारभूत रूपमा त्रुटिरहित वित्तीय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र कायम गर्ने, उपयुक्त लेखानीतिको छनौट एवं प्रयोग तथा परिस्थिति अनुरूप उचित लेखा अनुमान गर्नु पनि समावेश हुन्छन् ।

**लेखापरीक्षकको उत्तरदायित्व**

३. लेखापरीक्षणको आधारमा उल्लेखित वित्तीय विवरणहरू उपर मन्तव्य व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । सो लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटिपूर्ण प्रस्तुति रहित छ भन्ने कुरामा उचित रूपमा आश्वस्त हुनका लागि लेखापरीक्षण गर्दा नैतिक आवश्यकताको परिपालना तथा लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलस्त गरिएका कुराहरूको लेखापरीक्षणको प्रमाण प्राप्ति गर्ने कार्यविधिहरू सम्पादन गर्नुपर्दछ । यसरी छनौट गरिएको कार्यविधिहरू लेखापरीक्षकको व्यावसायिक विवेक तथा वित्तीय विवरणहरू सारयुक्त रूपमा जालसाजी वा त्रुटिबाट हुन सक्ने त्रुटिपूर्ण प्रस्तुतिको जोखिम मूल्याङ्कनमा निर्भर हुन्छ । उक्त जोखिम मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नका लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सही प्रस्तुतिकरणसंग सम्बन्धित आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखानीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यता साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरूले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

**राय**

४. हाम्रो रायमा सबै सन्दर्भहरूमा वित्तीय विवरणहरूले २०७० आषाढ ३१ (१५ जुलाई २०१३) को नेको इन्सुरेन्स लिमिटेडको वित्तीय अवस्था, यसको वित्तीय कार्यसम्पादन र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको प्रचलित कानूनका अधिनमा रही लागू गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार यथार्थ चित्रण गर्दछ र कम्पनी ऐन, २०६३, बीमा ऐन, २०४९ र बीमा समितिको निर्देशन अनुसार तयार गरिएको छ ।

**अन्य कानूनी तथा नियमहरूको व्यवस्था सम्बन्धमा प्रतिवेदन**

५. हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि:
(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरू सम्पूर्ण रूपमा पाएका छौं ।
(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा, कम्पनीको हिसाब किताब ऐन बमोजिम ठिकसंग राखिएको छ ।
(ग) कम्पनीले बीमा ऐन, २०४९ अनुसार बीमाशुल्क आम्दानी नगद प्राप्तिको आधारमा लेखाङ्कन गरेको छ जुन नेपाल लेखामान अनुरूप छैन ।
(घ) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, नाफा-नोक्सान हिसाब, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण र संलग्न अनुसूचिहरू बीमा समितिले तोकेको ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासंग दुरूस्त रहेका छन् ।
(ङ) हामीले लेखापरीक्षणको समयमा कम्पनीको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानि-नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।
(च) कम्पनीको शाखाहरूबाट प्राप्त विवरणहरू स्वतन्त्र लेखापरीक्षण नगरिएको भए तापनि हाम्रो लेखापरीक्षणको लागि पर्याप्त थिए ।

स्थान: काठमाडौं
मिति: २०७०/०८/२७

सि.ए, **सुदर्शन राज पाण्डे**
**साझेदार**

# नेको इन्सुरेन्स लिमिटेड
## २०७० साल आषाढ मसान्तको वासलात

रुपैयाँमा

| क्र.स. | विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| | **स्रोत** | | | |
| १. | चुक्ता पूँजी | १३ | १३,५२,२१,६२५ | १२,१२,७५,००० |
| २. | जगेडा तथा कोष | १४ | ४,९९,८४,१६९ | ४,५५,४०,०१३ |
| ३. | बीमा कोष | १२ | ५,४७,५७,१९९ | ३,६१,६९,१२२ |
| ४. | महा-विपत्ति जगेडा | १५ | - | - |
| ५. | तिर्न बाँकी दीर्घकालीन ऋण तथा सापटी | १६ | - | - |
| | **कुल स्रोत** (१+२+३+४+५) | | **२३,९९,६२,९९३** | **२०,२९,८४,१३५** |
| | **उपयोग** | | | |
| ६. | स्थिर सम्पत्ति (खुद) | १७ | १,३२,४१,१३६ | २,०२,२७,८३३ |
| ७. | दीर्घकालीन लगानी | १८ | ११,६७,२६,७९९ | १०,२४,७२,४२९ |
| ८. | दीर्घकालीन कर्जा | २० | - | - |
| | **चालु सम्पत्ति, कर्जा तथा पेश्कीहरू:** | | - | - |
| ९. | नगद तथा बैंक मौज्दात | १९ | ६,३८,९६,९४३ | ४,०७,५५,६४७ |
| १०. | अल्पकालीन लगानी | १८ | २९,७८,७४,९४६ | २४,६९,४७,०१४ |
| ११. | अल्पकालीन कर्जा | २० | - | - |
| १२. | अन्य सम्पत्ति | २१ | १२,९५,०२,६९१ | १०,१५,५३,९९० |
| | **जम्मा (क)** (९+१०+११+१२) | | **४९,१२,७४,५८०** | **३८,९२,५६,६५१** |
| | **चालु दायित्व तथा व्यवस्थाहरू:** | | | |
| १३. | चालु दायित्व | २२ | १०,९८,७२,६८९ | ८,२१,२३,५६१ |
| १४. | असमाप्त जोखिम वापत व्यवस्था | २३ | ९,२०,८८,०८० | ७,७८,१५,८०५ |
| १५. | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ६ | ८,२४,०२,९६० | ६,९७,२३,६३६ |
| १६. | अन्य व्यवस्था | २३'क' | ९,७९,८१,०६४ | ८,०६,७१,१५१ |
| | **जम्मा (ख)** (१३+१४+१५+१६) | | **३८,२३,४४,७९३** | **३१,०३,३४,१५३** |
| १७. | खुद चालु सम्पत्ति (ग) = (क) - (ख) | | १०,८९,२९,७८७ | ७,८९,२२,४९८ |
| १८. | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरू | २४ | १०,६५,२७१ | १३,६१,३७५ |
| १९. | नाफा-नोक्सान हिसाबबाट सारेको नोक्सान | | - | - |
| | **कुल उपयोग** (६+७+८+१७+१८+१९) | | **२३,९९,६२,९९३** | **२०,२९,८४,१३५** |

### संभावित दायित्वहरु

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| चुक्ता वा भुक्तानी हुन बाँकी लगानी | – | – |
| प्रत्याभूति प्रतिवद्धता | – | – |
| बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको | – | – |
| बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारेण्टी | – | – |
| अन्य (विवरण खुलाउने) | – | – |
| **जम्मा** | – | – |

संभावित दायित्वहरु र अनुसूची ६ तथा १२ देखि २६ सम्म यसका अभिन्न अंग हुन् ।

द. सुरेन्द्र प्र. कुशवाहा
लेखा प्रमुख

द. अमिर दास रंजित
संचालक

द. विश्व तिमिला
नि. प्रमुख कार्यकारी अधिकृत

द. डा. राजन थापा
संचालक

द. डा. हेमराज भण्डारी
संचालक

द. ज्योतिचन्द्र ओझा
अध्यक्ष

हाम्रो यसै साथ संलग्न आजकै मितिको प्रतिवेदनको आधारमा

द. सुदर्शन राज पाण्डे
नि. एस.आर. पाण्डे एण्ड कं.
चार्टर्ड एकाउण्टेण्टस्

मितिः २०७०/०८/२७

## नेको इन्सुरेन्स लिमिटेड

### आ.व. २०६९ साल श्रावण १ देखि २०७० साल आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाब

रूपैयाँमा

| क्र.सं. | विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| | **आम्दानी** | | | |
| १. | आय-व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | ७ | ४,६०,५९,७४५ | ४,०३,४०,६४९ |
| २. | लगानी, कर्जा तथा अन्यबाट आय | २ | १,६३,६६,६६३ | १,३७,५९,१६९ |
| ३. | व्यवस्था फिर्ता | ८ | २७,१२,५६४ | ३२,२१,७४५ |
| ४. | अन्य आम्दानी | | - | - |
| | **जम्मा आम्दानी (क)** | | **६,५१,३८,९७२** | **५,७३,२१,५६३** |
| | **खर्च** | | | |
| ५. | व्यवस्थापन खर्च | ५ | ६३,४५,९५१ | ६०,७४,८६१ |
| ६. | अपलेखन खर्च | ९ | ३,५१,७६७ | १२,६५,५७९ |
| ७. | शेयर सम्बन्धी खर्च | ९क | ४२,८९३ | १,४७,५५० |
| ८. | अन्य खर्चहरू | १० | ६४,८६४ | ३२,८०० |
| ९. | नोक्सानीको लागि व्यवस्था | ११ | ९४,८०२ | २०,१०,०९४ |
| १०. | कर्मचारी आवास व्यवस्था | | - | - |
| ११. | कर्मचारी बोनस व्यवस्था | | ५२,९४,४२७ | ४३,४४,६०७ |
| १२. | समायोजित आयकर (अ) = (आ) + (इ) | | १,५९,६५,४११ | १,३१,४१,९५१ |
| | आ) आयकर | | १,५७,६८,११५ | १,३४,६१,२२८ |
| | इ) स्थगन कर खर्च/(आम्दानी) | | १,९७,२९६ | (३,१९,२७७) |
| | **जम्मा खर्च (ख)** | | **२,८१,६०,११५** | **२,७०,१७,४४२** |
| | **खुद नाफा /(नोक्सान) (ग) = (क) – (ख)** | | ३,६९,७८,८५७ | **३,०३,०४,१२१** |
| १३. | (क) बीमा कोषमा सारेको | १२ | १,८५,८८,०७७ | १,४९,९२,४२२ |
| | (ख) बीमा जगेडामा सारेको | १४ | - | - |
| १४. | अघिल्लो वर्षसंग सम्बन्धित (खर्च)/आम्दानी | | - | - |
| १५. | अघिल्लो वर्षबाट सारिएको नाफा/(नोक्सान) | | ३,२६,७९५ | १५,०३१ |
| | **बाँडफाँडको लागि उपलब्ध रकम** | | **१,८७,१७,५७६** | **१,५३,२६,७३०** |
| १६. | (क) स्थगन कर जगेडा | १४ | (१,९७,२९६) | ३,१९,२७७ |
| | (ख) पूँजीगत जगेडा | १४ | - | - |
| | (ग) विशेष जगेडा | १४ | - | - |
| | (घ) अन्य: जगेडा | १४ | - | - |
| | (ङ) प्रस्तावित लाभांश | | | |
| | (अ) बोनश शेयर | १४ | - | १,३९,४६,६२५ |
| | (आ) नगद लाभांश (बोनश शेयरको कर) | २३ क | - | ७,३४,०३३ |
| | (च) महा-विपत्ति जगेडा | १५ | - | - |
| **१७.** | **वासलातमा सारेको नाफा/(नोक्सान)** | | **१,८९,१४,८७२** | **३,२६,७९५** |

अनुसूची २, ५ तथा ७ देखि १२, १४ र १५ सम्म यसका अभिन्न अंग हुन् ।

| | | | |
|---|---|---|---|
| द. सुरेन्द्र प्र. कुशवाहा<br>लेखा प्रमुख | द. विश्व तिमिला<br>नि. प्रमुख कार्यकारी अधिकृत | द. डा. हेमराज भण्डारी<br>संचालक | हाम्रो यसै साथ संलग्न आजकै मितिको प्रतिवेदनको आधारमा |
| द. अमिर दास रंजित<br>संचालक | द. डा. राजन थापा<br>संचालक | द. ज्योतिचन्द्र ओझा<br>अध्यक्ष | द. सुदर्शन राज पाण्डे<br>नि. एस.आर. पाण्डे एण्ड कं.<br>चार्टर्ड एकाउण्टेण्टस् |

मिति: २०७०/०८/२७

# नेको इन्सुरेन्स लिमिटेड

## आ.व. २०६९/७० आषाढ मसान्तसम्मको एकिकृत आय-व्यय हिसाब

रुपैयाँमा

| क्र.सं. | विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १. | बीमाशुल्क (खुद) | १ | १८,३१,५६,०८२ | १५,४६,४७,००३ |
| २. | पुनर्बीमा कमिशन आय | | ५,०६,७४,८९० | ४,६३,६८,२०९ |
| ३. | लगानी, कर्जा तथा अन्यबाट आय | २ | २,१३,८३,९५९ | १,८४,७८,१४८ |
| ४. | अन्य प्रत्यक्ष आय | | - | - |
| ५. | आर्थिक वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | ६,९७,२३,६३६ | ५,१६,९७,२३५ |
| ६. | आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | | ७,७३,०५,७६८ | ६,११,१९,१४३ |
| | **जम्मा आय (क)** | | **४०,२२,४४,३३५** | **३३,२३,०९,७३८** |
| | **व्यय** | | | |
| ७. | दावी भुक्तानी (खुद) | ३ | ८,७८,५२,५६८ | ५,८५,४२,६२१ |
| ८. | अभिकर्ता कमिशन | | ३,३२,७४,२३२ | २,८३,७३,०५३ |
| ९. | पुनर्बीमा कमिशन खर्च | | २१,३१,६६४ | १७,८३,२५८ |
| १०. | सेवा शुल्क (खुद) | ४ | १८,३१,५६० | १५,४६,४७१ |
| ११. | अन्य प्रत्यक्ष खर्च | | - | २,८०२ |
| १२. | व्यवस्थापन खर्च | ५ | ५,७१,१३,५६३ | ५,४६,७३,७४५ |
| १३. | आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | ८,२४,०२,९६० | ६,९७,२३,६३६ |
| १४. | आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | ९,१५,७८,०४३ | ७,७३,२३,५०३ |
| | **जम्मा व्यय (ख)** | | **३५,६१,८४,५९०** | **२९,१९,६९,०८९** |
| **१५.** | **नाफा-नोक्सान हिसाबमा सारेको वचत/(नोक्सान) = (क)-(ख)** | | **४,६०,५९,७४५** | **४,०३,४०,६४९** |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन् ।

द. सुरेन्द्र प्र. कुशवाहा
लेखा प्रमुख

द. अमिर दास रंजित
संचालक

द. विश्व तिमिला
नि. प्रमुख कार्यकारी अधिकृत

द. डा. राजन थापा
संचालक

द. डा. हेमराज भण्डारी
संचालक

द. ज्योतिचन्द्र ओझा
अध्यक्ष

हाम्रो यसै साथ संलग्न आजकै मितिको प्रतिवेदनको आधारमा

द. सुदर्शन राज पाण्डे
नि. एस.आर. पाण्डे एण्ड कं.
चार्टर्ड एकाउण्टेण्टस्

मितिः २०७०/०८/२७

## नेको इन्सुरेन्स लिमिटेड
### आ.व. २०६९/७० आषाढ मसान्तसम्मको अग्नि बीमाको आय-व्यय हिसाब

रुपैयाँमा

| क्र.सं. | विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १. | बीमाशुल्क (खुद) | १ | ६,८३,०९,५८७ | ५,७५,५०,९४४ |
| २. | पुनर्बीमा कमिशन आय | | २,०२,९३,३३१ | १,७८,७२,५७३ |
| ३. | लगानी, कर्जा तथा अन्यबाट आय | २ | ८९,११,६६४ | ६९,७५,४७५ |
| ४. | अन्य प्रत्यक्ष आय | | - | - |
| ५. | आर्थिक वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | १,४६,९३,२६३ | ३९,६६,९४८ |
| ६. | आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | | २,८७,७५,४७३ | २,४१,७४,१४९ |
| | **जम्मा आय (क)** | | **१४,०९,८३,३१८** | **११,०५,४०,०८९** |
| | **व्यय** | | | |
| ७. | दावी भुक्तानी (खुद) | ३ | १,०१,६१,५०७ | ६७,६४,०७० |
| ८. | अभिकर्ता कमिशन | | १,२८,५०,९१३ | १,०३,७२,९२९ |
| ९. | पुनर्बीमा कमिशन खर्च | | १४,९२,३०१ | १२,५४,५०७ |
| १०. | सेवा शुल्क (खुद) | ४ | ६,८३,०९५ | ५,७५,५१० |
| ११. | अन्य प्रत्यक्ष खर्च | | - | - |
| १२. | व्यवस्थापन खर्च | ५ | १,८०,२६,९७३ | १,६७,७५,७०१ |
| १३. | आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | १,९१,९२,७३७ | १,४६,९३,२६३ |
| १४. | आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | ३,४१,५४,७९४ | २,८७,७५,४७३ |
| | **जम्मा व्यय (ख)** | | **९,६५,६२,३२०** | **७,९२,११,४५३** |
| **१५.** | **नाफा-नोक्सान हिसाबमा सारेको वचत/(नोक्सान) = (क)-(ख)** | | **४,४४,२०,९९८** | **३,१३,२८,६३६** |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन् ।

द. सुरेन्द्र प्र. कुशवाहा
लेखा प्रमुख

द. अमिर दास रंजित
संचालक

द. विश्व तिमिला
नि. प्रमुख कार्यकारी अधिकृत

द. डा. राजन थापा
संचालक

द. डा. हेमराज भण्डारी
संचालक

द. ज्योतिचन्द्र ओझा
अध्यक्ष

हाम्रो यसै साथ संलग्न आजकै मितिको प्रतिवेदनको आधारमा

द. सुदर्शन राज पाण्डे
नि. एस.आर. पाण्डे एण्ड कं.
चार्टर्ड एकाउण्टेण्टस्

मितिः २०७०/०८/२७

## नेको इन्सुरेन्स लिमिटेड

### आ.व. २०६९/७० आषाढ मसान्तसम्मको मोटर बीमाको आय-व्यय हिसाब

रूपैयाँमा

| क्र.सं. | विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १. | बीमाशुल्क (खुद) | १ | १०,३४,७७,४९७ | ८,०२,९८,१११ |
| २. | पुनर्बीमा कमिशन आय | | ५१,९१,८८० | ५१,०५,०४९ |
| ३. | लगानी, कर्जा तथा अन्यबाट आय | २ | ९७,५६,०६७ | ८५,७४,८५९ |
| ४. | अन्य प्रत्यक्ष आय | | - | - |
| ५. | आर्थिक वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | ४,९६,४६,०१८ | ४,२१,६७,२२३ |
| ६. | आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | | ४,०१,४९,०५५ | २,९३,२९,६३८ |
| | **जम्मा आय (क)** | | **२०,८२,२०,५१७** | **१६,५४,७४,८८०** |
| | **व्यय** | | | |
| ७. | दावी भुक्तानी (खुद) | ३ | ६,८९,४६,३१९ | ४,२६,४६,२७० |
| ८. | अभिकर्ता कमिशन | | १,१७,५१,८४२ | ९५,५१,५८१ |
| ९. | पुनर्बीमा कमिशन खर्च | | ७,११५ | - |
| १०. | सेवा शुल्क (खुद) | ४ | १०,३४,७७५ | ८,०२,९८१ |
| ११. | अन्य प्रत्यक्ष खर्च | | - | - |
| १२. | व्यवस्थापन खर्च | ५ | २,१८,६५,६७८ | २,००,६५,१५३ |
| १३. | आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | ५,९१,५४,३९० | ४,९६,४६,०१८ |
| १४. | आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | ५,१७,३८,७४९ | ४,०१,४९,०५५ |
| | **जम्मा व्यय (ख)** | | **२१,४४,९८,८६८** | **१६,२८,६१,०५८** |
| **१५.** | **नाफा-नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान) = (क)-(ख)** | | (६२,७८,३५१) | २६,१३,८२२ |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन् ।

द. सुरेन्द्र प्र. कुशवाहा
लेखा प्रमुख

द. अमिर दास रंजित
संचालक

द. विश्व तिमिला
नि. प्रमुख कार्यकारी अधिकृत

द. डा. राजन थापा
संचालक

द. डा. हेमराज भण्डारी
संचालक

द. ज्योतिचन्द्र ओझा
अध्यक्ष

हाम्रो यसै साथ संलग्न आजकै मितिको प्रतिवेदनको आधारमा

द. सुदर्शन राज पाण्डे
नि. एस.आर. पाण्डे एण्ड कं.
चार्टर्ड एकाउण्टेण्टस्

मितिः २०७०/०८/२७

# नेको इन्सुरेन्स लिमिटेड

## आ.व. २०६९/७० आषाढ मसान्तसम्मको हवाई बीमाको आय-व्यय हिसाब

रूपैयाँमा

| क्र.सं. | विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १. | बीमाशुल्क (खुद) | १ | - | १,२०५ |
| २. | पुनर्बीमा कमिशन आय | | - | ४,३९८ |
| ३. | लगानी, कर्जा तथा अन्यबाट आय | २ | ५० | १७५ |
| ४. | अन्य प्रत्यक्ष आय | | - | - |
| ५. | आर्थिक वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | - | - |
| ६. | आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | | ६०३ | २९२ |
| | **जम्मा आय (क)** | | **६५३** | **६,०७०** |
| | **व्यय** | | | |
| ७. | दावी भुक्तानी (खुद) | ३ | - | ३,७५७ |
| ८. | अभिकर्ता कमिशन | | - | - |
| ९. | पुनर्बीमा कमिशन खर्च | | - | - |
| १०. | सेवा शुल्क (खुद) | ४ | - | १२ |
| ११. | अन्य प्रत्यक्ष खर्च | | - | - |
| १२. | व्यवस्थापन खर्च | ५ | - | ८,९६४ |
| १३. | आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | - | - |
| १४. | आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | - | ६०३ |
| | **जम्मा व्यय (ख)** | | **-** | **१३,३३६** |
| **१५.** | **नाफा-नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान) = (क)-(ख)** | | **६५३** | **(७,२६६)** |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन् ।

द. सुरेन्द्र प्र. कुशवाहा
लेखा प्रमुख

द. अमिर दास रंजित
संचालक

द. विश्व तिमिला
नि. प्रमुख कार्यकारी अधिकृत

द. डा. राजन थापा
संचालक

द. डा. हेमराज भण्डारी
संचालक

द. ज्योतिचन्द्र ओझा
अध्यक्ष

हाम्रो यसै साथ संलग्न आजकै मितिको प्रतिवेदनको आधारमा

द. सुदर्शन राज पाण्डे
नि. एस.आर. पाण्डे एण्ड कं.
चार्टर्ड एकाउण्टेण्टस्

मितिः २०७०/०८/२७

## नेको इन्सुरेन्स लिमिटेड
### आ.व. २०६९/७० आषाढ मसान्तसम्मको सामुद्रिक बीमाको आय-व्यय हिसाब

रूपैयाँमा

| क्र.सं. | विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १. | बीमाशुल्क (खुद) | १ | ५,७९,२७२ | ५,१७,०३६ |
| २. | पुनर्बीमा कमिशन आय | | २१,०७,१७२ | २१,६३,६९३ |
| ३. | लगानी, कर्जा तथा अन्यबाट आय | २ | २,४५,४६२ | २,१५,८०१ |
| ४. | अन्य प्रत्यक्ष आय | | - | - |
| ५. | आर्थिक वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | २,८४,८४८ | ९६,८७० |
| ६. | आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | | २,४०,७८३ | १,८३,१४५ |
| | **जम्मा आय (क)** | | **३४,५७,५३७** | **३१,७६,५४५** |
| | **व्यय** | | | |
| ७. | दावी भुक्तानी (खुद) | ३ | २,७५,११९ | ३,१४,९१९ |
| ८. | अभिकर्ता कमिशन | | ३,७८,३३० | २,९९,२५७ |
| ९. | पुनर्बीमा कमिशन खर्च | | १,०५,८४६ | २,०३,८६० |
| १०. | सेवा शुल्क (खुद) | ४ | ५,७९३ | ५,१७० |
| ११. | अन्य प्रत्यक्ष खर्च | | - | - |
| १२. | व्यवस्थापन खर्च | ५ | १०,५४,६१३ | १०,५८,५७३ |
| १३. | आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | ३,६७,३२७ | २,८४,८४८ |
यस वित्तीय विवरण ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) र व्यवसायको निरन्तरता (Going Concern) को आधारमा स्पष्ट रूपमा लेखासम्बन्धी टिप्पणीहरूमा अन्यथा उल्लेख गरिएकोमा बाहेक प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गरी नेपाल चार्टड एकाउन्टेन्ट संस्थाबाट जारी नेपाल लेखामान (Nepal Accounting Standards), बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९, कम्पनी ऐन, २०६३ तथा बीमा समितिको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०६५ को अधिनमा बीमा व्यवसायमा रहेको प्रचलन समेतलाई ध्यानमा राखि तयार गरिएको छ ।

**अनुमानको आधार (Use of Estimates):**

वित्तीय विवरणहरू तयार पार्दा लेखाका प्रचलित सिद्धान्तहरू र नेपाल लेखामान (Nepal Accounting Standards) को अधिनमा रही कम्पनी व्यवस्थापनले अनुमान/स्वविवेक प्रयोग गर्नुपर्दछ जसले वित्तीय विवरण मितिमा उल्लेख गरिएका सम्पत्ति, दायित्व, आय तथा खर्चका अंकहरू तथा घोषित सम्भावित दायित्वलाई प्रभाव गर्दछ । वास्तविक परिणाम (Actual Result) उल्लेखित अनुमान भन्दा भिन्न हुन सक्दछ तर सो भिन्नता उल्लेख्य (Significant) नहुने अनुमान छ ।

२. **स्थिर सम्पत्ति लेखाङ्कन नीतिः**

स्थिर सम्पत्ति परल मूल्यमा लेखाङ्कन गरिएको छ, र सम्पत्तिको लागतबाट कुल संचित ह्रास रकम कटाई किताबी मूल्य (Book Value) मा वासलातमा देखाइएको छ । सम्पत्ति प्राप्त गर्नको लागि गरिएको खर्च तथा स्थापना खर्चलाई लागत मूल्यमा पूँजीकरण गरिएको छ ।

३. **ह्रास कट्टी नीतिः**

स्थिर सम्पत्ति लेखाङ्कन गरिएको मितिदेखि घट्दो मूल्य प्रणाली (Diminishing Balance Method) अनुसार निम्नलिखित दरले ह्रास कट्टी गरिएको छ ।

| स्थिर सम्पत्ति | ह्रास कट्टी दर % |
|---|---|
| भवन | ५ |
| फर्निचर तथा फिक्सचर | २५ |
| कार्यालय सामान | २५ |
| कम्प्यूटर तथा सूचना प्रविधि उपकरण | २५ |
| सवारी साधन | २० |
| लिज होल्ड सम्पत्ति | २५ |

तर अदृश्य सम्पत्ति (Software) लाई ५ वर्षमा अपलेखन गर्ने नीति लिइएको छ । आयकर प्रयोजनको निमित्त आयकर ऐनले निर्दिष्ट गरेको व्यवस्था बमोजिम ह्रास खर्च लेखाङ्कन गर्ने नीति रहेको छ ।

४. **पूँजीकृत नगरिने सम्पत्तिहरू सम्बन्धी नीतिः**

खपत हुने सामान बाहेक अन्य सामानलाई पूँजीकृत गरिएको छ, तर रू. २,००० भन्दा कम मूल्यको सामानलाई सोझै खर्च लेखिएको छ ।

५. **आयकर व्यवस्था नीतिः**

प्रस्तुत आर्थिक वर्षको नाफालाई आधार लिई आयकर ऐन, २०५८ को व्यवस्था अनुसार आयकरको व्यवस्था गरिएको छ । कर योग्य आय तथा लेखामा देखिने आयको समय अन्तरालबाट हुने भिन्नतालाई स्थगन कर (Deferred Tax) मानी सोको व्यवस्था गरिएको छ । स्थगन कर सम्पत्ति तथा दायित्व मापन गर्नका लागि जुन वर्षमा अस्थायी अन्तर समायोजन हुन सक्छ सोही वर्षका लागि ऐनद्वारा लागू भइसकेको करको दर वा हालको करको दर लागू हुने अनुमान गरी स्थगन कर सम्पत्ति (Deferred Tax Assets) पछि आर्जन हुने कर योग्य आयबाट उठ्न सक्ने प्रबल सम्भावना तथा एकिन गरी हुन आउने रकमलाई सम्पत्तिको रूपमा लेखाङ्कन गरिएको छ । बीमा समितिको निर्देशन बमोजिम स्थगन कर सम्पत्ति सिर्जना भएमा सो बराबरको रकम स्थगन कर जगेडा खडा गर्ने नीति लिइएको छ ।

६. **लगानी लेखाङ्कन नीतिः**

(क) सरकारी बचतपत्र/ऋणपत्रमा लगानी लेखाङ्कन नीतिः
नेपाल सरकार वा नेपाल सरकारको जमानत प्राप्त वा पब्लिक लिमिटेड कम्पनीको बचतपत्र वा ऋणपत्रमा गरिएको लगानीलाई अङ्कित मूल्य वा परल मूल्यमध्ये जुन घटि छ सोही मूल्यमा देखाइएको छ। अंकित मूल्य भन्दा परल मूल्य बढी भएको रकमलाई "अपलेखन हुन बाँकी लगानीमा प्रिमियम" शीर्षक जनाइएको छ तथा त्यसलाई लगानीको म्याद समाप्तिको अवधिमा अपलेखन गरिएको छ।

(ख) बैंक/वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी लेखाङ्कन नीतिः
बैंक/वित्तीय संस्थाको मुद्दती निक्षेपमा गरिएका लगानीलाई साँवा रकममा लेखाङ्कन गरिएको छ।

(ग) पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानी लेखाङ्कन नीतिः
पब्लिक लिमिटेड कम्पनीको शेयरमा गरिएको लगानीलाई परल मूल्यमा लेखाङ्कन गर्ने नीति रहेको छ। परल मूल्य भन्दा बजार मूल्य कम भए यस्तो कम भएको रकमको शत प्रतिशत व्यवस्था गर्ने नीति रहेको छ। हालसम्म कम्पनीले पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानी गरेको छैन।

(घ) पब्लिक लिमिटेड कम्पनीले जारी गरेको ऋणपत्रहरूमा लगानी लेखाङ्कन नीतिः
पब्लिक लिमिटेड कम्पनीले जारी गरेको ऋणपत्रहरूलाई परल मूल्यमा लेखाङ्कन गरिएको छ।

७. **सटही घटबढ समायोजन नीतिः**
विदेशी मुद्रामा रहेको सम्पत्ति तथा दायित्वलाई बर्षान्तको खरिद दरले रूपान्तर गरिएको छ। विदेशी मुद्रामा भएका कारोवारहरूको लेखाङ्कन कारोवार मितिको विनिमय दरमा गरिएको छ। विनिमय दरबाट फरक पर्न जाने रकमलाई नाफा-नोक्सान हिसाबमा आम्दानी वा खर्चको रूपमा लेखाङ्कन गर्ने नीति रहेको छ।

८. **बीमाशुल्क आम्दानी लेखाङ्कन नीतिः**
बीमाशुल्क आम्दानी बीमा ऐन र बीमा समितिको निर्देशन बमोजिम नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ। बीमालेख रद्द गरिएको रकमलाई सोही आर्थिक वर्षको कुल बीमाशुल्कबाट घटाई खुद रकमलाई मात्र आम्दानी जनाइएको छ।
नगद प्राप्ति मितिभन्दा बीमाशुल्क भुक्तान गर्नुपर्ने मिति पछि भएको अवस्थामा सो रकमलाई धरौटी जनाई बीमालेख जारी भएको मितिमा आम्दानी जनाइएको छ। तर पुनर्बीमा स्वीकार गरे बापत प्राप्त हुने बीमाशुल्क आम्दानी प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गरिएको छ।

९. **पुनर्बीमा कमिशन आम्दानी लेखाङ्कन नीतिः**
पुनर्बीमा कमिशन आम्दानी प्रोदभावी (Accrual Basis) आधारमा र नाफा कमिशन (Profit Commission) लाई नगद प्राप्तिको आधारमा आम्दानी बाँधिएको छ। तर नाफा कमिशन (Profit Commission) लाई पुनर्बीमकको लिखित समर्थन प्राप्त भएको अवस्थामा नगद प्राप्ति सरह मान्ने नीति रहेको छ।

१०. **अन्य आय लेखाङ्कन तथा बाँडफाँड नीतिः**
कम्पनीले लगानीबाट प्राप्त गर्ने ब्याज तथा अन्य आम्दानी (लाभांश बाहेक) लाई प्रोदभावी (Accrual Basis) आधारमा आम्दानी जनाइएको छ। कम्पनीको अप्रत्यक्ष आम्दानीलाई बीमा समितिको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०६५ बमोजिम भार निर्धारण गरी बाँडफाँड गरिएको छ।

११. **कर्जा लेखाङ्कन नीतिः**
कम्पनीले उपयोग गरेको कर्जालाई सावाँ रकममा लेखाङ्कन गर्ने नीति रहेको छ। यस आ.व. २०६९/७० को चैत्र मसान्तसम्ममा कम्पनीले तिर्नुपर्ने वा उठाउनु पर्ने कुनै पनि कर्जा रहेको छैन।

१२. **व्यवस्थापन खर्च बाँडफाँड नीतिः**
कम्पनीको नाफा-नोक्सान तथा आय-व्यय हिसाबहरूमा व्यवस्थापन खर्च बाँडफाँड बीमा समितिको वित्तीय विवरण सम्बन्धी निर्देशन बमोजिम भार निर्धारण गरी त्यस अनुरुप बाँडफाँड गरिएको छ।

१३. **बीमा दावी भुक्तानी खर्च लेखाङ्कन नीतिः**
कम्पनीले दावी भुक्तानी गर्दा बीमालेख बमोजिम भुक्तानी गर्नुपर्ने रकम तथा सो दावी फछ्र्यौटको लागि आवश्यक परामर्श र अनुसन्धान खर्च समेत समावेश हुने गरी खर्च लेखाङ्कन गर्ने गरेको छ।

१४. **बीमा दावी बापत व्यवस्था लेखाङ्कन नीतिः**
तिर्न बाँकी दावीहरूको अनुमानित दायित्व वासलातको दिनमा पुनर्बीमक तथा सह बीमकहरूको हिस्सा कटाई खुद हुने रकममा निश्चित रूपमा प्राप्त हुने Salvage को रकम घटाई जनाइएको छ। बीमा ऐन, २०४९ को दफा २२ तथा बीमा नियमावली, २०४९ को नियम १५(१)(घ) को व्यवस्था बमोजिम व्यवस्थापनले कायम गरेको भुक्तानी हुन बाँकि दावी रकमको ११५% रकम व्यवस्था गर्ने नीति लिएको छ।

**१५. खुद नाफा बाँडफाँड नीतिः**

खुद नाफाबाट चालु आर्थिक वर्षमा छुट्याइएको स्थगन कर जगेडालाई समायोजन गरेपछि बाँकी रहेको खुद नाफाको ५०% रकम बीमा समितिको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०६५ बमोजिम प्रत्येक किसिमको बीमाकोषमा तिनीहरूको भार अनुसार बाँडफाँड गरिएको छ ।

**१६. कर्मचारीको उपदान, विदा तथा अन्य सुविधा बापत व्यवस्था नीतिः**

कर्मचारीको उपदान, घर विदा तथा बिरामी बिदा बापतको रकम कम्पनीको सेवा शर्त सम्बन्धी नियमावली, २०६९ बमोजिम निम्न अनुसार गरिएको छः

(क) उपदान व्यवस्थाः स्थायी कर्मचारीको सेवा अवधि ३ बर्ष नाघि सकेपछि निजको खाईपाई आएको मासिक तलब र सेवा अवधिको आधारमा उपदान खर्चलाई व्यवस्था गरी उपदान कोषमा जम्मा गरिएको छ ।

(ख) घर विदाको हकमा ३० दिनसम्म अनिवार्य संचित गर्ने गरी बढीमा ९० दिन र बिरामी विदाको हकमा ६० दिनसम्म संचित राखि तत्कालको ग्रेड सहितको तलब सहित मासिक रूपमा पाउने भत्ता, प्रोमोशन भत्ता, इन्सेपसन भत्ता र शोधभर्ना गर्नुपर्ने बाहेकका इन्धन भत्ता रकमका दरले हुन आउने रकम व्यवस्था गरी भुक्तानी गरिने व्यवस्था रहेको छ ।

**१७. शंकास्पद आसामी व्यवस्था नीतिः**

असुल हुन नसक्ने आसामीहरूको छानबीन गरी व्यवस्थापनले नउठ्ने भनी निर्धारण गरे अनुसार शंकास्पद आसामीलाई शतप्रतिशत नोक्सानी व्यवस्था गर्ने नीति रहेको छ ।

**१८. अपलेखन खर्च लेखाङ्कन नीतिः**

नेपाल सरकारको ऋणपत्र तथा बचतपत्रको खरिदमा भुक्तानी गरिएको प्रिमियम रकमलाई स्थगन खर्च मानी ऋणपत्र वा बचतपत्रको म्याद समाप्ती आधारमा प्रत्येक वर्ष समान रकम खर्च लेखाङ्कन गरिएको छ ।

**१९. अन्य लेखा नीतिहरूः**

(क) असमाप्त जोखिम जगेडा व्यवस्थाः

हिसाबमा देखाइएको खुद प्रिमियम आम्दानीको ५० प्रतिशतले हुने रकम असमाप्त जोखिमको निमित्त व्यवस्था गर्ने गरिएको छ ।

सामुद्रिक बीमा व्यवसाय बाहेक अन्य व्यवसायमा अघिल्लो आर्थिक वर्षको असमाप्त जोखिम जगेडामा राखिएको रकमलाई यस वर्षको आयमा समावेश गर्ने गरिएको छ । सामुद्रिक बीमा व्यवसायको हकमा बीमा नियमावली, २०४९ को दफा १५ (ग) बमोजिम ३ वर्ष पश्चात् मात्र आयमा समावेश गरिएको छ ।

(ख) कर्मचारी बोनस व्यवस्थाः

बोनस ऐन, २०३० अनुसार आयकर अघिको खुद नाफाको १० प्रतिशतले हुन आउने रकम कर्मचारी बोनसको लागि व्यवस्था गरिएको छ ।

(ग) बीमा सेवा शुल्कः

कम्पनीले बीमा ऐन, २०४९ दफा ४० को उपदफा २ बमोजिम कुल बीमाशुल्कको १ प्रतिशत रकम बीमा सेवा शुल्क बापत खर्च लेखाङ्कन गरिएको छ ।

# वितीय विवरणसँग सम्बन्धित लेखा सम्बन्धी टिप्पणीहरु

१. **सम्भावित दायित्वहरूः**

अ) चुक्ता वा भुक्तानी हुन बाँकी लगानी रहेको छैन ।

आ) प्रत्याभूति प्रतिबद्धता (Underwriting Commitments) रहेको छैन ।

इ) बीमालेख अन्तर्गत भन्दा बाहेकबाट कम्पनी उपर दावी परेको तर कम्पनीले दायित्व स्वीकार नगरेको कुनै सम्भावित दायित्व रहेको छैन ।

ई) कम्पनीले वा कम्पनीको तर्फबाट कुनै ग्यारेण्टी दिइएको छैन ।

उ) अन्य कुनै दायित्व नरहेको ।

२. **भुक्तानी गर्न बाँकी दावी बापत दायित्व मूल्याङ्कन गर्दा अवलम्बन गरेको आधारहरुः**

कम्पनीले दावीकर्ताद्वारा पेश गरेको कागजात र अन्य प्रमाणहरूको साथै बीमालेखमा उल्लेखित जोखिम (Risk Coverage) र सर्भेयरले पेश गरेको रिर्पोटमा उल्लेखित अनुमानित दावी रकमको आधारमा दायित्व मूल्याङ्कन गर्ने गरेको छ ।

३. **बीमकको सम्पत्तिमा आएको सीमितता तथा विवादहरूः**

कम्पनीको सम्पत्तिमा हालसम्म कुनै विवाद तथा सीमितता रहेको छैन ।

४. **कर्जा, लगानी तथा स्थिर सम्पत्तिको लागि गरिएको प्रतिबद्धताः**

कम्पनीले कर्जा, लगानी तथा स्थिर सम्पत्तिको लागि कुनै किसिमको प्रतिबद्धता जनाएको छैन ।

५. **लगानीसंग सम्बन्धित देहायका खरिद बिक्री सम्झौताहरूको मूल्यः**

अ) खरिद गरिएको सम्पूर्ण सम्पत्तिको स्वामित्व प्राप्त भएको छ ।

आ) बिक्री गरिएको सबै सम्पत्तिको भुक्तानी प्राप्त भएको छ ।

६. **यस वर्षभरी गरिएको लगानी तथा बिक्री/फिर्ता लिएको लगानीको विवरणः**

यस आर्थिक वर्षमा कम्पनीले रू. १३,१४,७९,८७०।- (गत वर्ष रू. १४,८२,७८,५००।-) थप लगानी गरेको छ तथा रू. ५,७७,५०,०००।- (गत वर्ष रू. ५,०१,००,०००।-) लगानी फिर्ता लिएको छ ।

७. **बैंक मौज्दात हिसाब सम्बन्धमा सम्बन्धित बैंक/वित्तीय संस्थाको समर्थन सहितको हिसाब मिलान सम्बन्धी व्यहोराः**

बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मौज्दात कम्पनीको हिसाबसंग मिलान (Reconcile) गरी समर्थन प्राप्त भइसकेको छ ।

८. **बीमक/पुनर्बीमकसंग लिनु दिनु बाँकी हिसाब सम्बन्धमा सम्बन्धित बीमक/पुनर्बीमकको समर्थन सहितको हिसाब मिलान सम्बन्धी व्यहोराः**

बिदेशी पूनर्वीमकहरूसंग लिनुपर्ने रू. १,८६,८६,८००।- (गत वर्ष रू. ९०,९२,४२८।-) र दिनुपर्ने रू. ८,७७,८८,६१०।- (गत वर्ष रू. ५,६१,११,०५८।-) को हिसाब रहेको छ । त्यसैगरी स्थानिय बीमकहरूसंग लिनुपर्ने रू. १,०५,७४,६९१।- (गत वर्ष रू. १,५०,०८,९६८।-) र दिनुपर्ने रू. १५,५४,८८८।- (गत वर्ष रू. ३,९३,६३३।-) रकम रहेको छ ।

९. **बीमकले गरेको लगानी प्रचलित बीमा ऐन, नियमावली तथा बीमा समितिबाट तोकिए बमोजिम रहे नरहेकोः**

कम्पनीले गरेको लगानी प्रचलित बीमा ऐन, नियमावली तथा बीमा समितिबाट तोकिएको निर्देशन बमोजिम रहेको छ ।

१०. **बीमकको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थासंग भएको कारोबारः**

कम्पनीको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थाको सम्पत्तिहरूको सम्बन्धमा बीमालेख जारी गरे बापत रू. १,४३,५१,७१५।- (गत वर्ष रू. ३,०५,१७,८१५।-) कुल बीमाशुल्क प्राप्त भएको छ तथा रू. ९८,६८,४०८।- (गत वर्ष रू. १,०५,९८,४०९।-) कुल दावी भुक्तानी भएको छ ।

११. **बीमकले आफ्नो सम्पत्तिको सुरक्षणमा लिएको ऋणको धितो, शर्त तथा औचित्यः**

कम्पनीले आफ्नो सम्पत्तिको सुरक्षणमा कुनै ऋण लिएको छैन ।

१२. **बीमकले कर चुक्ता प्रमाण-पत्र प्राप्त गरेको आ.व. तथा त्यस्तो चुक्ता प्रमाण-पत्र प्राप्त हुन बाँकी आ.व. र सो सम्बन्धी विवरणका साथै अघिल्लो आ.व.हरूको कर जरिवाना ब्याज बापत दावी परेको र यस आ.व.मा भुक्तानी भएको रकमः**

कम्पनीले आ.व. २०६२।०६३ सम्म कर परीक्षण भई सोको कर निर्धारण पत्र प्राप्त भइसकेको छ । त्यस पछिका आ.व. हरूको लागि आय विवरण दाखिला भइसकेको तर सोको कर निर्धारण हुन बाँकी रहेको छ ।

१३. **फिर्ता गरेको बीमाशुल्कको परिमाण र कारणः**

यस आर्थिक वर्षमा जम्मा रू. ४७,६८,९१८।- (गत वर्ष रू. १,२४,५५,३५४।-) बीमाशुल्क फिर्ता गरिएको छ। बीमितको अनुरोधमा निम्न कारणहरूले बीमाशुल्क रकम फिर्ता गरिएको हुन्छः

- आर्थिक वर्ष अनुसार बीमालेख अवधि मिलाई बाँकी बीमाशुल्क अर्को आ.व. को लागि समायोजन गरिएको ।
- बीमालेखमा वहन गरिएको जोखिम हटाइएको ।
- बीमितको अनुरोधमा बीमाङ्क रकम घटाइएको ।
- बीमालेख रद्द गरिएको ।

१४. **अपलेखन हुन बाँकी खर्चको विवरणः**

आर्थिक वर्षको अन्त्यमा नेपाल राष्ट्र बैंकले जारी गरेको बचत/ऋणपत्र खरिदमा लागेको प्रिमियम जम्मा रू. १०,६५,२७१।- (गत वर्ष रू. १३,६१,३७५।-) स्थगन खर्च अन्तर्गत अपलेखन गर्न बाँकी खर्च रहेको छ।

१५. **चुक्ता पूँजीमध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in advance) भुक्तानी प्राप्त हुन बाँकी (Call in arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिएका शेयर रहेको छैन।**

१६ **लिज होल्ड सम्पत्तिमा गत वर्षसम्म र यस वर्ष खर्च (Amortization) लेखिएको रकमको विवरणः**

यस कम्पनीमा आ.व. २०६९/७० को अन्त्यमा लिज होल्ड सम्पत्तिको जम्मा परल मूल्य रू. १८,९९,८९२।- रहेको छ। त्यस रकमबाट गत वर्षसम्म लेखिएको खर्च रकम जम्मा रू. ७,१५,३५६।- रहेको छ तथा चालु आर्थिक वर्षमा रू. २,९६,१३४।- ह्रास कट्टी खर्च लेखि खुद मूल्य रू. ८,८८,४०२।- बाँकी रहेको छ।

१७. **वर्षभरिमा वासलात बाहिरको कारोबारः नरहेको ।**

१८. **अघिल्ला बर्षहरूसंग सम्बन्धित आम्दानी तथा खर्चहरुको छुट्टाछुट्टै विवरणः**

यस आर्थिक वर्षमा अघिल्ला वर्षहरूसंग सम्बन्धित कुनै प्रकारको आम्दानी तथा खर्चहरूको लेखाङ्कन गरिएको छैन ।

१९. **अन्य जानकारीहरूः**

क) सम्बन्धित पक्षहरूसंगको कारोबार (Related Parties Transactions):

कम्पनीसंग वित्तीय स्वार्थ गाँसिएको मुख्य अधिकारीहरूमा संचालक समितिका अध्यक्ष, संचालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत र एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएका शेयरधनीहरू लगायन निजहरूको परिवारका सदस्य र सम्बन्धित संस्थाहरू समेत समावेश रहेका छन् ।

संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थाको सम्पत्तिहरूको सम्बन्धमा भएको बीमा सम्बन्धी कारोबार बुँदा (१०) मा उल्लेख गरिएको छ।

यस आर्थिक वर्षको चैत्र मसान्तसम्ममा विभिन्न समिति/उप-समितिहरूको बैठकमा उपस्थिति बापत संचालकहरूलाई जम्मा रू. ८,३९,०००।- भत्ता भुक्तानी गरिएको छ। प्रमुख कार्यकारी अधिकृतलाई तलब-भत्ता बापत रू. १४,५१,४४९।- र बैठक भत्ता बापत रू. १,४३,५००।- गरी जम्मा रू. १५,९८,४२७- भुक्तानी गरिएको छ। त्यसैगरी बैठक बापतको अन्य भत्ता भुक्तानी रू. २,०९,००० रहेको छ। यसका अतिरिक्त प्रमुख कार्यकारी अधिकृतलाई कर्मचारी सवारी साधन नियमावली अनुसार गाडी सुविधा प्रदान गरिएको छ।

कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय अनुसार प्रचलित दुर्घटना बीमा पोलिसी अन्तर्गत संचालक समितिका अध्यक्ष एवं सदस्यहरूलाई बीमाङ्क रू. ५० लाखको व्यक्तिगत दुर्घटना बीमा र स्वास्थ्य बीमालेखको सीमा भित्र रही संचालक समितिका अध्यक्ष, सदस्य र निजका आश्रित परिवारको स्वास्थ्य बीमा गरे बापत कम्पनीले जम्मा रू. १,४३,७००।- बीमाशुल्क भुक्तानी गरेको छ।

ख) नेपाल राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेका गोर्खा विकास बैंक लिमिटेड, नेपाल शेयर मार्केट एण्ड फाइनान्स लिमिटेड तथा क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेडहरूसंग रहेको बैंक खाता मौज्दात र म्याद समाप्त भइसकेका मुद्दती निक्षेपहरू बापत गत आर्थिक वर्षमा व्यवस्था गरिएको रकम रू. ८६,११,९६७- मध्ये यस आर्थिक वर्षमा जम्मा रू. २६,५२,९४२।- प्राप्त भई व्यवस्था फिर्ता शीर्षक अन्तर्गत आम्दानी जनाई बाँकी रू. ६०,०३,२२७- लाई "लगानीमा नोक्सानीको लागि व्यवस्था" शीर्षक अर्न्तगत व्यवस्था जनाइएको छ।

ग) बादी नेको इन्सुरेन्स लि. प्रतिवादी दीपमणि राजभण्डारी भएको पेश्की तथा अनियमित रकम मुद्दाका लागि कम्पनीले प्रतिवादी विरूद्ध रू. ५८,२८,८३५।९३ को मुद्दा पुनरावेदन अदालत, पाटनमा दायर गरिएको थियो । उक्त मुद्दामा पुनरावेदन अदालतले मिति २०६८।०३।१६ मा रू. १५,५८,८३५।९३ प्रतिवादी दीपमणि राजभण्डारीबाट असुल हुने ठहर्छ भनी मुद्दा फैसला गरिएकोमा सो निर्णय कम्पनीलाई चित्त नबुझेकोले उक्त निर्णय विरूद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ र हाल उक्त मुद्दा चलिरहेको व्यहोरा जानकारी गराउँदछौं । मुद्दा चलिरहेको कुल रकम रू. ५८,२८,८३५।९३ शंकास्पद आसामी शीर्षक अन्तर्गत व्यवस्था जनाइएको छ ।

घ) मर्जर सम्बन्धमा:

यस कम्पनी तथा प्रिमियर इन्स्योरेन्स कम्पनि बीच मिति २०७०/०८/१४ गतेका दिन मर्जर सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भई मर्ज सम्बन्धी कार्यको लागि बीमा समितिबाट सैद्धान्तिक सहमति समेत प्राप्त भई मर्जर सम्बन्धी कार्य अघि बढि रहेको तथा सो समझदारी पश्चात् यस कम्पनीको धितोपत्रको कारोबार रोक्का रहेको छ ।

ङ) संलग्न हिसाबहरूको रकमलाई निकटतम रूपैयाँमा देखाइएको छ ।

अनुसूची- २७

**प्रमुख सूचकाङ्कहरू**

रूपैयाँमा

| क्र. सं. | विवरण | सूचकांक | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० |
| १. | नेट वर्थ | रू. | १३,७८,७७,७४१ | १५,८४,२९,८१२ | १७,३४,१४,०४७ | २०,२९,८४,१३५ | २३,९९,६२,९९३ |
| २. | शेयर संख्या | संख्या | ११,००,००० | ११,००,००० | ११,५५,००० | १२,१२,७५० | १३,५२,२१६ |
| ३. | प्रति शेयर किताबी मूल्य | रू. | १२५.३४ | १४४.०३ | १५०.१४ | १६७.३८ | १७७.४६ |
| ४. | खुद नाफा | रू. | ७९,५४,५२२ | १,८५,९१,८५८ | १,७१,९५,०२७ | ३,०३,०४,१२१ | ३,६९,७८,८५७ |
| ५. | प्रति शेयर आय (EPS) | रू. | ७.२३ | १६.९० | १४.८९ | २४.९९ | २७.३५ |
| ६. | प्रति शेयर लाभांश (DPS) (बोनश शेयर तथा कर समेत) | रू. | - | ५.२६ | ५ | १२.११ | - |
| ७. | प्रति शेयर बजार मूल्य (MPPS) | रू. | १२१.०० | १०७.०० | ११८.०० | ११८.०० | ११३.०० |
| ८. | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | १६.७३ | ६.३३ | ७.९३ | ४.७२ | ४.१३ |
| ९. | खुद बीमाशुल्क/कुल बीमाशुल्क | प्रतिशत | ३६% | ४१% | ४३% | ४५% | ४४% |
| १०. | खुद नाफा/कुल बीमाशुल्क | प्रतिशत | ४.६१% | ७.३९% | ६.१०% | ८.७९% | ८.९७% |
| ११. | कुल बीमाशुल्क/कुल सम्पत्ति | प्रतिशत | ८९% | ७३% | ६७% | ६७% | ६६% |
| १२. | लगानी र कर्जाबाट आय/कुल लगानी र कर्जा | प्रतिशत | ५% | ८% | १०% | ९% | ९% |
| १३. | पुनर्बीमा कमिशन आय/कुल पुनर्बीमा शुल्क | प्रतिशत | २३% | २१% | २२% | २४% | २२% |
| १४. | व्यवस्थापन खर्च/कुल बीमाशुल्क | प्रतिशत | १९% | १६% | १७% | १८% | १५% |
| १५. | बीमा अभिकर्ता सम्बन्धी खर्च/कुल बीमाशुल्क | प्रतिशत | ९% | ८% | ८% | ८% | ८% |
| १६. | बीमा अभिकर्ता संख्या | संख्या | ४९ | ५२ | ५६ | ५९ | ४८ |
| १७. | कर्मचारी संख्या | संख्या | ८२ | ९४ | १०५ | १०३ | १०३ |
| १८. | कार्यालयको संख्या | संख्या | ११ | ११ | १५ | १५ | १५ |
| १९. | कर्मचारी खर्च/व्यवस्थापन खर्च | प्रतिशत | ५२% | ५५% | ५०% | ५७% | ५३% |
| २०. | कर्मचारी खर्च/कर्मचारी संख्या | रू. | २,१४,१६९ | २,२९,०५४ | २,२८,५२२ | ३,३३,३४० | ३,२४,३८८ |
| २१. | भुक्तानी हुन बाँकी दावी रकम/कुल दावी रकम | प्रतिशत | ६३% | ५२% | ५२% | ५४% | ४८% |
| २२. | भुक्तानी हुन बाँकी दावीको संख्या/कुल दावीको संख्या | प्रतिशत | ३७% | ३७% | ३१% | ३१% | १९% |
| २३. | कुल कायम रहेको बीमालेखको संख्या | संख्या | २०,०९३ | २८,२७८ | ३३,३९७ | ३७,८३३ | ३९,३४१ |
| २४. | यस वर्ष नवीकरण भएको बीमालेखको संख्या/ गत वर्ष कायम रहेको बीमालेखको संख्या | प्रतिशत | २७% | २४% | २५% | २३% | २५% |
| २५. | दावी परेको बीमालेखको संख्या/ कुल कायम रहेको बीमालेखको संख्या | प्रतिशत | ७% | ५% | ७% | ८% | ८% |
| २६. | सोल्भेन्सी मार्जिन | प्रतिशत | - | - | - | - | - |

अनुसूची- २८

## बीमाङ्कको विवरण

(रू. हजारमा)

| क्र.सं. | बीमाको किसिम | कायम रहेको बीमालेखको संख्या | | कायम रहेको बीमालेख अन्तर्गत जम्मा बीमांक | | पुनर्बीमकलाई जोखिम हस्तान्तरण गरिएको बीमांक | | बीमकले खुद जोखिम धारण गरेको बीमांक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १. | अग्नि बीमा शुल्क | २०,९३७ | २०,२६३ | ६,०३,२०,९६२ | ४,७३,६९,०४९ | २,५३,६६,५९७ | २,११,२४,४४९ | ३,४९,५४,३६५ | २,६२,४४,६०० |
| २. | मोटर बीमा शुल्क | १२,३०७ | ११,६८३ | ७७,७२,२३० | ६३,४८,०९३ | ७१,९२,००६ | १९,०४,४२८ | ५,८०,२२४ | ४४,४३,६६५ |
| ३. | हवाई बीमा शुल्क | - | २ | - | १५,७३३ | - | १५,४१८ | - | ३१५ |
| ४. | सामुद्रिक बीमा शुल्क | ९३२ | ९२५ | ३९,४९,९०६ | ४४,१७,२०८ | २८,७०,४८५ | ४१,३६,४२८ | १०,७९,४२१ | २,८०,७८० |
| ५ | इन्जिनीयरिङ्ग बीमा शुल्क | ९६२ | ७७२ | ९०,५६,९७३ | ७१,२३,०३८ | ८२,४२,१२९ | ६४,७७,४४२ | ८,१४,८४४ | ६,४५,५९६ |
| ६. | विविध बीमा शुल्क | ४,२०३ | ४,१८८ | २,८१,९४,७७१ | २,११,०२,०५८ | २,३१,१३,०१६ | १,७१,२०,८२४ | ५०,८१,७५५ | ३९,८१,२३४ |
| | **जम्मा** | **३९,३४१** | **३७,८३३** | **१०,९२,९४,८४२** | **८,६३,७५,१७९** | **६,६७,८४,२३३** | **५,०७,७८,९८९** | **४,२५,१०,६०९** | **३,५५,९६,१९०** |

**नेको इन्सुरेन्स लिमिटेड**

**केन्द्रीय कार्यालय**

दर्ता नं. ४४५५

मिति २०७०/१०/२३

# बीमा समिति
# BEEMA SAMITI

CHABAHIL, KA. MA, PA.-7
P.O. BOXNO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810389, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

मिति : २०७०/०९/२६

वि.वि.शा. ३०२ (२०७०/७१) च.नं. [illegible]

श्री नेको इन्सुरेन्स लिमिटेड,
अनामनगर, काठमाण्डौ ।

विषय : *आ.व. ०६९/७० को बित्तीय विवरण स-शर्त स्वीकृति बारे ।*

यस समितिमा प्राप्त तहाँको मिति २०७०/०९/२२ (च.नं.७५७/०७०/७१) समेतको पत्र सम्बन्धमा लेखिदैछ ।

बीमकको बित्तीय बिवरण प्रतिको उत्तरदायित्व बीमकमा रहेको सर्वविदितै छ । लेखा परीक्षण भई समितिको स्वीकृतिको लागि पेश हुन आएको तहाँको आ.व. २०६९/७० को वित्तीय बिवरण सम्बन्धमा देहाय बमोजिमका शर्तहरु सहित स्वीकृत गरिएको व्यहोरा निर्णयानुसार आवश्यक कार्यार्थ जानकारी गराइन्छ ।

१) बीमा ऐन, २०४९ को दफा २७ को प्रतिकुल हुने गरी बीमालेख जारी गरेको तर्फ बीमक सचेत रहनु हुन ।
२) बीमक प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि. र नेको इन्सुरेन्स लि. दुई बीमक आपसमा एक भई नयाँ बीमकको रुपमा मिति २०७० माघ २१ गते वसन्त पंचमीको दिनदेखि कार्य प्रारम्भ गर्नु हुन ।
३) समितिबाट जारी बीमकको संस्थागत सु-शासन सम्बन्धी निर्देशिका, २०६९ को पूर्ण पालना गर्नु हुन ।
४) बीमकले अण्डरराइटिङ्ग तथा दावी भुक्तानी प्रकृया प्रभावकारी बनाउनु हुन ।
५) लेखा परिक्षकले औंल्याईएको अन्य कैफियतहरु सुधार गर्नु हुन ।

(दिनेश कुमार लाल)
उप-निर्देशक

## बीमा समितिको शर्त सम्बन्धी व्यवस्थापनको प्रत्युत्तर

बीमा समितिद्वारा आ.व. २०६९/०७० को वित्तीय विवरण स-शर्त स्वीकृत दिइएको हुँदा त्यसमा उल्लेखित शर्तहरू सम्बन्धी व्यवस्थापनको निम्न बमोजिमको प्रत्युत्तर रहेको छ :

१. कम्पनीले बीमा ऐन, २०४९ को दफा २७ को प्रतिकूल हुने गरी बीमालेख जारी नगर्ने तर्फ कम्पनी सचेत रहेको छ ।
२. यस कम्पनी र प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि. एक आपसमा गाभ्ने कार्य प्रतिवद्धता अनुरूप अगाडि बढिरहेको छ ।
३. बीमा समितिले जारी गरेको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०६९ को पूर्णरूपले पालना गर्नको लागि कम्पनी प्रतिबद्ध रहेको छ ।
४. कम्पनीले अण्डरराइटिङ्ग तथा दावी सम्बन्धी दिग्दर्शन (Manual) तयार पारी सो सम्बन्धी कार्य प्रभावकारी बनाएको छ ।
५. लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरूमा नियमित रूपमा सुधारहरू भइरहेको छ ।


Gross Premium Vs RI Premium
Rs. in Millions
450
400
350
300
250
200
150
100
50
0
172.5
110.1
251.5
148.4
281.7
159.3
344.7
190
412.4
229.2
2008/09
2009/10
2010/11
2011/12
2012/13
Gross Premium
Reinsurance Premium


Gross Premium Portfolio
Misc. 15%
Fire 33%
Eng. 13%
Motor 37%
Marine 2%
Aviation 0%


Net Worth & Investment
Rs. in Millions
450
400
350
300
250
200
150
100
50
0
137.9
186.4
158.4
218.4
173.4
254.6
203.0
349.4
240.0
414.6
2008/09
2009/10
2010/11
2011/12
2012/13
Net Worth
Investment

## NecoInsurance Limited
## Comparative Income Statements for 5 Years

| Description | Financial Years | | | | |
|---|---|---|---|---|---|
| | 2008/09 (2065/66) | 2009/10 (2066/67) | 2010/11 (2067/68) | 2011/12 (2068/69) | 2012/13 (2069/70) |
| Gross Premium | 172,498,471 | 251,503,559 | 281,691,374 | 344,709,651 | 412,409,193 |
| Reinsurance Premium Ceded | (110,170,781) | (148,393,752) | (159,316,342) | (190,062,648) | (229,253,111) |
| **Net Premium** | **62,327,690** | **103,109,807** | **122,375,032** | **154,647,003** | **183,156,082** |
| Reinsurance Commission | 25,644,774 | 31,595,693 | 34,488,077 | 46,368,209 | 50,674,890 |
| Investment and Other Income | 11,071,495 | 19,776,094 | 28,850,929 | 35,459,062 | 40,463,186 |
| Opening Provision for O/S Claims | 12,700,167 | 24,266,311 | 34,963,374 | 51,697,235 | 69,723,636 |
| Opening Reserve for Unexpired Risk | 22,715,232 | 31,378,758 | 51,552,627 | 61,119,143 | 77,305,768 |
| **Total Income (a)** | **134,459,358** | **210,126,663** | **272,230,039** | **349,290,652** | **421,323,562** |
| Gross Claims Settled | 51,398,361 | 249,208,450 | 137,076,078 | 118,168,167 | 166,082,606 |
| Claims Recovery from Reinsurance | (37,471,887) | (217,410,040) | (89,940,840) | (59,625,544) | (78,230,035) |
| **Net Claims Settled** | **13,926,474** | **31,798,410** | **47,135,238** | **58,542,623** | **87,852,571** |
| Agency Commission | 15,609,483 | 19,383,695 | 23,428,754 | 28,373,053 | 33,274,232 |
| Facultative Commission Expense | 698,297 | 1,123,096 | 1,582,911 | 1,786,058 | 2,131,664 |
| Service Charge | 623,277 | 1,031,095 | 1,223,750 | 1,546,471 | 1,831,560 |
| Management Expenses (Staff) | 17,685,348 | 21,531,062 | 23,994,772 | 34,334,048 | 33,411,983 |
| Management Expenses (Other) | 15,979,697 | 17,719,840 | 24,138,884 | 26,414,558 | 30,047,531 |
| Other Expenses and Provisions | 2,268,516 | 1,640,697 | 10,766,608 | 3,456,023 | 554,323 |
| Closing Provision for O/S Claims | 24,266,311 | 34,963,374 | 51,697,235 | 69,723,636 | 82,402,960 |
| Closing Reserve for Unexpired Risk | 31,163,843 | 51,554,904 | 61,187,517 | 77,323,503 | 91,578,043 |
| **Total Expenses (b)** | **122,221,246** | **180,746,173** | **245,155,669** | **301,499,973** | **363,084,867** |
| Profit/(Loss) before Bonus and Tax | 12,238,112 | 29,380,490 | 27,074,370 | 47,790,679 | 58,238,695 |
| Provision for Bonus | 1,112,556 | 2,670,954 | 2,461,306 | 4,344,607 | 5,294,427 |
| Provision for Tax | 3,171,034 | 8,117,678 | 7,418,037 | 13,141,951 | 15,965,411 |
| **Net Profit/(Loss)** | **7,954,522** | **18,591,858** | **17,195,027** | **30,304,121** | **36,978,857** |

# NecoInsurance Limited
## Comparative Statement of Financial Position for 5 Years

| Description | Financial Years | | | | |
|---|---|---|---|---|---|
| | 2008/09 (2065/66) | 2009/10 (2066/67) | 2010/11 (2067/68) | 2011/12 (2068/69) | 2012/13 (2069/70) |
| **Source of Funds** | | | | | |
| Share Capital | 110,000,000 | 110,000,000 | 115,500,000 | 121,275,000 | 135,221,625 |
| Reserves and Funds | 28,457,382 | 34,471,564 | 36,737,347 | 45,540,013 | 49,984,169 |
| Insurance Fund | 4,794,302 | 13,958,248 | 21,176,700 | 36,169,122 | 54,757,199 |
| Long Term Loans | - | - | - | - | - |
| Current Liabilities and Provisions | 139,152,274 | 188,371,029 | 246,283,975 | 310,334,153 | 382,344,793 |
| **Total Source** | **282,403,958** | **346,800,841** | **419,698,022** | **513,318,288** | **622,307,786** |
| **Application of Funds** | | | | | |
| Fixed Assets (net) | 13,308,376 | 15,254,450 | 22,227,167 | 20,227,833 | 13,241,136 |
| Investment | 186,357,703 | 218,416,409 | 254,577,503 | 349,419,443 | 414,601,745 |
| Current Assets, Loans and Advances | 77,363,939 | 111,176,399 | 141,235,873 | 142,309,637 | 193,399,634 |
| Deferred Expenses | 2,249,687 | 1,953,583 | 1,657,479 | 1,361,375 | 1,065,271 |
| Brought Forward Losses | 3,124,256 | – | – | – | – |
| **Total Application** | **282,403,958** | **346,800,841** | **419,698,022** | **513,318,288** | **622,307,786** |
| **Other Financial Indicators** | | | | | |
| Net Worth | 137,877,741 | 158,429,812 | 173,414,047 | 202,984,135 | 239,962,993 |
| Book Value Per Share | 125.34 | 144.03 | 150.14 | 167.38 | 177.46 |
| Earning Per Share (EPS) | 7.23 | 16.90 | 14.89 | 14.18 | 27.35 |
| Number of Branches | 11 | 11 | 15 | 15 | 15 |
| No. of Staffs | 82 | 94 | 105 | 103 | 103 |
| Total No. of Policies | 20,093 | 28,278 | 33,397 | 37,833 | 39,341 |

# नेको इन्सुरेन्स लिमिटेडको
# प्रबन्ध-पत्र तथा नियमावली संशोधन सम्बन्धी तीन महले

## प्रबन्ध-पत्र

| हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|
| १. दफा १<br>कम्पनीको नामः नेको इन्सुरेन्स लिमिटेड रहेको छ। | दफा १<br>कम्पनीको नामः प्रिमियर नेको इन्स्योरेन्स लिमिटेड (Premier Neco Insuranc Limited) रहेको छ। | नेको इन्सुरेन्स र प्रिमियर इन्स्योरेन्स एक आपसमा गाभी मर्ज हुने भएकोले। |
| २. दफा २<br>कम्पनीको कार्यालयः का.म.न.पा. वार्ड नं. ३३ पुतलीसडक, काठमाडौं स्थित स्टार मलमा रहने छ। आवश्यकता अनुसार नेपाल राज्यको विभिन्न ठाउँमा स्वीकृति लिई शाखा/सम्पर्क कार्यालय खोल्न सकिने छ। | दफा २<br>कम्पनीको कार्यालयः कम्पनीको प्रधान कार्यालय का.म.न.पा. वार्ड नं. १ नारायणचौर, काठमाडौं रहने छ। आवश्यकता अनुसार नेपाल राज्यको विभिन्न स्थानमा सम्बन्धित निकायको स्वीकृति लिई शाखा/उप-शाखा/सम्पर्क कार्यालय खोल्न सकिने छ। | नेको इन्सुरेन्स र प्रिमियर इन्स्योरेन्स एक आपसमा गाभी मर्ज हुने भएकोले। |
| ३. दफा ५ शेयर पूँजी<br>(क) यस कम्पनीको अधिकृत पूँजी रू. ५०,००,००,०००।- (अक्षरूपी पचास करोड) हुनेछ। जुन रू. १००।- को प्रति शेयरको हिसाबबाट ५०,००,०००।- (पचास लाख) साधारण शेयरहरूमा विभाजित गरिएको छ। कम्पनीको जारी पूँजी रू. २५,००,००,०००।- (अक्षरूपी पच्चीस करोड) रहेको छ। यसलाई प्रति शेयर रू. १००।- को हिसाबबाट २५,००,०००।- (पच्चीस लाख) साधारण शेयरमा विभाजन गरिएको छ। | दफा ५ शेयर पूँजी<br>(क) यस कम्पनीको अधिकृत पूँजी रू. ५०,००,००,०००।- (अक्षरूपी पचास करोड) हुनेछ। जुन रू. १००।- को प्रति शेयरको हिसाबबाट ५०,००,०००।- (पचास लाख) साधारण शेयरहरूमा विभाजित गरिएको छ। कम्पनीको जारी पूँजी रू. ३०,००,००,०००।- (अक्षरूपी तीस करोड) रहेको छ। यसलाई प्रति शेयर रू. १००।- को हिसाबबाट ३०,००,०००।- (तीस लाख) साधारण शेयरमा विभाजन गरिएको छ। हाल कम्पनीको चुक्ता पूँजी रू. २८,९४,७१,१२५ (अक्षरूपी अठ्ठाइस करोड चौरानब्बे लाख एकहत्तर हजार एक सय पच्चिस) रहेको छ। यसलाई प्रति शेयर रू. १००।- को हिसाबबाट २८,९४,७११ (अठ्ठाइस लाख चौरानब्बे हजार सात सय एघार) साधारण शेयरहरूमा विभाजन गरिएको छ। | यस कम्पनी र प्रिमियर इन्स्योरेन्स कम्पनी लि. एक आपसमा गाभी मर्ज हुने भई पूँजी वृद्धि हुने भएकोले। |

## नियमावली

| हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|
| १. दफा १<br>कम्पनीको नामः नेको इन्सुरेन्स लिमिटेड रहेको छ। | दफा १<br>कम्पनीको नामः प्रिमियर नेको इन्स्योरेन्स लिमिटेड (Premier Neco Insuranc Limited) रहेको छ। | नेको इन्सुरेन्स र प्रिमियर इन्स्योरेन्स एक आपसमा गाभी मर्ज हुने भएकोले। |
| २. दफा २<br>कम्पनीको कार्यालयः का.म.न.पा. वार्ड नं. ३३ पुतलीसडक, काठमाडौं स्थित स्टार मलमा रहने छ। आवश्यकता अनुसार नेपाल राज्यको विभिन्न ठाउँमा स्वीकृति लिई शाखा/सम्पर्क कार्यालय खोल्न सकिने छ। | दफा २<br>कम्पनीको कार्यालयः कम्पनीको प्रधान कार्यालय का.म.न.पा. वार्ड नं. १ नारायणचौर, काठमाडौं रहने छ। आवश्यकता अनुसार नेपाल राज्यको विभिन्न स्थानमा सम्बन्धित निकायको स्वीकृति लिई शाखा/उप-शाखा/सम्पर्क कार्यालय खोल्न सकिने छ। | नेको इन्सुरेन्स र प्रिमियर इन्स्योरेन्स एक आपसमा गाभी मर्ज हुने भएकोले। |
| ३. नियम ४ परिभाषा<br>(ग) "कम्पनी" भन्नाले नेको इन्सुरेन्स लिमिटेडलाई सम्झनु पर्दछ। | नियम ४ परिभाषा<br>(ग) "कम्पनी" भन्नाले प्रिमियर नेको इन्स्योरेन्स लिमिटेड सम्झनु पर्दछ। | कम्पनीको नाम परिवर्तन हुने भएकोले। |

## नियमावली

| हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|
| ४. नियम ६ शेयर पूँजी<br>(क) यस कम्पनीको अधिकृत पूँजी रू. ५०,००,००,०००।- (अक्षरूपी पचास करोड) हुनेछ जुन रू. १००।- को प्रति शेयरको हिसाबबाट ५०,००,०००।- (पचास लाख) साधारण शेयरहरूमा विभाजित गरिएको छ। कम्पनीको जारी पूँजी रू. २५,००,००,०००।- (अक्षरुपी पच्चीस करोड) रहेको छ। यसलाई प्रति शेयर रू. १००।- को हिसाबबाट २५,००,०००।- (पच्चीस लाख) साधारण शेयरमा विभाजन गरिएको छ। | नियम ६ शेयर पूँजी<br>(क) यस कम्पनीको अधिकृत पूँजी रू. ५०,००,००,०००।- (अक्षरूपी पचास करोड) हुनेछ जुन रू. १००।- को प्रति शेयरको हिसाबबाट ५०,००,०००।- (पचास लाख) साधारण शेयरहरूमा विभाजित गरिएको छ। कम्पनीको जारी पूँजी रू. ३०,००,००,०००।- (अक्षरूपी तीस करोड) रहेको छ। यसलाई प्रति शेयर रू. १००।- को हिसाबबाट ३०,००,०००।- (तीस लाख) साधारण शेयरमा विभाजन गरिएको छ। हाल कम्पनीको चुक्ता पूँजी रू. २८,९४,७१,१२५।- (अक्षरूपी अट्ठाइस करोड चौरानब्बे लाख एकहत्तर हजार एक सय पच्चिस) रहेको छ। यसलाई प्रति शेयर रू. १००।- को हिसाबबाट २८,९४,७११ (अट्ठाइस लाख चौरानब्बे हजार सात सय एघार) साधारण शेयरहरूमा विभाजन गरिएको छ। | यस कम्पनी र प्रिमियर इन्स्योरेन्स कम्पनी लि. एक आपसमा गाभी मर्ज हुने भई पूँजी वृद्धि हुने भएकोले। |
| ५ नियम १७ संचालक समिति<br>(क) यस कम्पनीमा बढीमा ७ (सात) जना संचालक रहेको एक संचालक समिति रहनेछ। संचालक समितिको गठन निम्न बमोजिम हुनेछ<br>१. समूह (क) का शेयरधनीहरूको प्रतिनिधित्व गर्ने संचालक ४ (चार) जना।<br>२. समूह (ख) का शेयरधनीहरूमध्येबाट निर्वाचित हुने संचालक २ (दुई) जना।<br>३. स्वतन्त्र संचालक १ (एक) जना।<br>(ख) समूह (क) का शेयरधनीहरूको प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालकहरूमध्ये राष्ट्रिय वाणिज्य बैंकले १ (एक) जना संचालक तथा कोष व्यवस्थापन कम्पनी लिमिटेडले १ (एक) जना संचालक तथा कार्यविनायक इन्भेष्टमेन्ट प्रा.लि.ले १ (एक) जना संचालक नियुक्त गर्ने छन् र यी संगठित संस्थाहरूले आफ्नो तर्फबाट संचालक नियुक्त गर्दा एक-एक जना वैकल्पिक संचालक पनि नियुक्त गर्न सक्ने छन्। संस्थापक शेयरधनीहरूको प्रतिनिधित्व गर्ने बाँकी १ (एक) जना संचालकको नियुक्ति राष्ट्रिय वाणिज्य बैंक, कोष व्यवस्थापन कम्पनी लिमिटेड तथा कार्यविनायक इन्भेष्टमेन्ट प्रा.लि. बाहेकका अन्य संस्थापकहरूले गर्ने छन्। | नियम १७ संचालक समिति<br>(क) यस कम्पनीमा बढीमा ७ (सात) जना संचालक रहेको एक संचालक समिति रहनेछ। संचालक समितिको गठन निम्न बमोजिम हुनेछ:<br>१. समूह (क) अर्थात् संस्थापक शेयरधनीहरूमध्येबाट निर्वाचित हुने संचालक ४ (चार) जना।<br>२. समूह (ख) अर्थात् सर्वसाधारण शेयरधनीहरूमध्येबाट निर्वाचित हुने संचालक २ (दुई) जना।<br>३. स्वतन्त्र संचालक १ (एक) जना।<br>हटाइएको। | मर्ज हुने भएकोले। |
| ६ नियम १९ संचालकको पारिश्रमिक, भत्ता, सुविधा, पुरस्कार आदि<br>(ख) नियमित रूपले समितिको बैठक हुने इलाका बाहिर बसोबास गर्ने कुनै संचालकहरू समितिको बैठकमा भाग लिन आउँदा र फर्कदा उप-दफा (क) को पारिश्रमिक रकम अलावा सवारी भाडा तथा खाने खर्च दिन दिलाउने सकिनेछ।<br>(ग) कम्पनीको कामकाजमा कम्पनी रहेको इलाका बाहिर जान पर्दा तोकिएको पारिश्रमिकको अतिरिक्त दैनिक एवं भ्रमण भत्ता संचालक समितिले तोके बमोजिम कुनै पनि संचालक वा शेयरवालालाई दिन सकिनेछ।<br>(घ) कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनीमा पूरा समय काम गर्ने संचालकहरूलाई प्रोत्साहन दिन कम्पनीले तिर्नुपर्ने आयकर तिरिसकेपछि बाँकी रहेको मुनाफाको ३ प्रतिशतमा नबढाई पुरस्कार दिन सक्नेछ। | नियम १९ संचालकको पारिश्रमिक, भत्ता, सुविधा, पुरस्कार आदि<br>(ख) नियमित रूपले समितिको बैठक हुने इलाका बाहिर बसोवास गर्ने कुनै संचालकहरू समितिको बैठकमा भाग लिन आउँदा र फर्कदा उप-दफा (क) को पारिश्रमिक रकम अलावा नियमानुसार सवारी भाडा, होटल खर्च तथा खाना खर्च दिलाउन सकिनेछ।<br>(ग) कम्पनीको कामकाजमा कम्पनी रहेको इलाका बाहिर जान पर्दा तोकिएको दैनिक एवं भ्रमण भत्ता संचालक समितिले तोके बमोजिम कुनै पनि संचालक वा शेयरवालालाई दिन सकिने छ।<br>हटाइएको। | मर्ज हुने भएकोले। |

टिपोट

# व्यवस्थापन समूह



**विश्व तिमिला**
नि. प्रमुख कार्यकारी अधिकृत



**बिनोद नेपाल**
सहायक नायब महाप्रबन्धक
पुनर्बीमा



**मदनकृष्ण रन्जित**
मुख्य प्रबन्धक
अण्डरराइटिङ्ग



**श्रवण कुमार रावल**
मुख्य प्रबन्धक
बजार व्यवस्थापन



**कृष्ण गोपाल थापा**
वरिष्ठ प्रबन्धक
पुनर्बीमा लेखा



**सुरेन्द्र प्रसाद कुशवाहा**
वरिष्ठ प्रबन्धक
वित्त



**प्रकाश थापा**
वरिष्ठ प्रबन्धक
दावी



**गिरिश शर्मा**
वरिष्ठ प्रबन्धक
बजार व्यवस्थापन



**रविन्द्र जोशी**
कम्पनी सचिव

# नेको इन्सुरेन्स लिमिटेड
# NecoInsurance Limited

## केन्द्रीय कार्यालय

पो. ब. नं. १२२७१, नवदुर्गा भवन, अनामनगर, काठमाडौं, नेपाल
फोन नं. ४७७०४१५ (हन्टिङ्ग), फ्याक्स नं. ९७७-१-४७७०१६२
E-mail: info@necoinsurance.com.np
www.necoinsurance.com.np

## शाखा कार्यालयहरु

**बानेश्वर शाखा**
नयाँ बानेश्वर, काठमाडौं
फोन: ०१-४७८१३९७
फ्याक्स: ०१-४७८४११४
E-mail: baneshwor@necoinsurance.com.np

**भक्तपुर शाखा**
चुनदेवी भक्तपुर
फोन: ५०९२३३४
फ्याक्स: ०१-५०९२३३५
E-mail: bhaktapur@necoinsurance.com.np

**हेटौंडा शाखा**
बैंक रोड, हेटौंडा, मकवानपुर
फोन: ०५७-५२१८२८
फ्याक्स: ०५७-५२४६६२
E-mail: hetauda@necoinsurance.com.np

**विराटनगर शाखा**
अतिथि सदन नजिक, विराटनगर
फोन/फ्याक्स: ०२१-५२१९०८
E-mail: biratnagar@necoinsurance.com.np

**वुटवल शाखा**
क्याम्पस रोड, वार्ड नं. ६, वुटवल
फोन/फ्याक्स: ०७१-५५१२९९
E-mail: butwal@necoinsurance.com.np

**नेपालगंज शाखा**
सुर्खेत रोड, वार्ड नं. १६, नेपालगंज
फोन: ०८१-५२३१३२
फ्याक्स: ०८१-५२२८०४
E-mail: nepalgunj@necoinsurance.com.np

**इटहरी शाखा**
इलाका प्रहरी कार्यालय अगाडि, सुनसरी
फोन/फ्याक्स: ०२५-५८७३६५
E-mail: Itahari@necoinsurance.com.np

**जनकपुर शाखा**
शिवचोक, जनकपुर
फोन/फ्याक्स: ०४१-५२५५६४
E-mail: janakpur@necoinsurance.com.np

**पोखरा शाखा**
सिर्जना चोक, पोखरा
फोन/फ्याक्स: ०६१-५२८५७३
E-mail: pokhara@necoinsurance.com.np

**बीरगंज शाखा**
लिङ्क रोड, बीरगंज
फोन/फ्याक्स: ०५१-५२५८१६
E-mail: birgunj@necoinsurance.com.np

**भरतपुर शाखा**
शहीद चोक, नारायणगढ
फोन/फ्याक्स: ०५६-५२४१३२
E-mail: bharatpur@necoinsurance.com.np

**विर्तामोड शाखा**
भद्रपुर रोड, विर्तामोड, झापा
फोन/फ्याक्स: ०२३-५४०८३३
E-mail: birtamodh@necoinsurance.com.np

**दाङ्ग शाखा**
मेन रोड, घोराही, दाङ्ग
फोन/फ्याक्स: ०८२-५६२८१३
E-mail: dang@necoinsurance.com.np

**धनगढी शाखा**
मेन रोड, धनगढी
फोन: ०९१-५२७१०१
फ्याक्स: ०९१-५२६१३२
E-mail: dhangadhi@necoinsurance.com.np